रुसमा सेना नपठाएको उत्तर कोरियाको दाबी | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १५१ • २०८१ साल कार्त्तिक ७ गते बुधबार (23 October, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### नयाँ जमानामा पुरानो शैलीको ठगी

## गहना दोब्बर गर्ने लोभमा महिला ठगिए

**दिलीप पाण्डे**

रौतहट। हातहातमा स्मार्ट मोबाइल बोक्ने महिलाहरु पुरानै शैलीको ठगीमा परेका छन् । भाडाकुँडा बेच्ने महिलाहरुको प्रलोभनमा परी रौतहट जिल्लाको केही गाउँका महिलाहरु सुनचाँदीका महँगा गरगहना गुमाएका छन् ।

भारतबाट भाडाकुँडा बोकेर सीमावर्ती गाउँमा छिरेका महिलाहरुले मिठो वचन बोल्ने, अनेक प्रलोभन देखाउने र एक दिनमै गरगहना दोब्बर बनाएर उपहार समेत दिने भन्दै दर्जनौ महिलाको सुनचाँदीको गरगहना ठगेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार जिल्लाको गौर, मिठुअवा, खेसरहिया, महादेवपट्टीलगायतका गाउँहरुमा भारतीय महिलाहरुको समूहले ठगी गरेको छ ।

महिलाहरु ठगिन थालेको गुनासाहरु आउन थालेपछि जिल्ला प्रहरी कार्यालय रौतहटले मंगलबार सार्वजनिक सूचना जारी गर्दै विभिन्न प्रलोभन देखाएर ठगी गर्ने महिलाहरुको गिरोह यतिखेर रौतहटमा सक्रिय रहेको हुँदा सावधान रहन अनुरोध गरेको छ ।

सीमापारी भारतबाट आएका ३/४ जना महिलाहरुको समूहले गौर, मिठुअवा, खेसरहिया, महादेवपट्टीलगायतका विभिन्न स्थानमा गई महिला, आमा, दिदीबहिनीहरुलाई विभिन्न प्रलोभन देखाएर पायल दिँदा एक दिनपछि दुई पायल र थपमा राइसकुकर दिने, चाँदीको विच्छिया दिँदा एक





दिन पछि दुई विच्छियासहित कमण्डल दिने, सुनको मंगलसुत्र, टिकासहित अन्य गहना दिँदा एक दिनपछि दुई गुना गरगहना सहित नगद ५० हजार र एउटा फ्रिज दिने भन्दै ठगी गरेर वेपत्ता भएको हुँदा त्यस्ता प्रलोभनबाट जोगिन प्रहरीले अनुरोध गरेको छ ।

प्रलोभन दिने ठग तपाईहरुको गाउँघरमा फेला परेको खण्डमा जिल्ला प्रहरी कार्यालय रौतहटको कन्ट्रोल नम्बर १०० वा ९८५५०४०९९९ फोन गरी खवर गरिदिन प्रहरीले सार्वजनिक सन्देशमा उल्लेख गरेको छ । एक दिनमै गरगहना दोब्बर गर्ने र थप उपहार समेत दिने समूह ठगहरुको भएकाले त्यसबाट आफू पनि जोगिन र अरुलाई समेत जोगाउन प्रहरीले आग्रह गरेको छ ।

ठगी हुन थालेको २/३ दिनमै ५० लाख बढीको गरगहना ठगेर लगिएको अनुमान गरिएको छ। गरगहना ठगीमा संलग्न महिलाहरु समान्य किसिमको देखिन्छ । उनीहरुले बेच्ने भाडाकुँडा समेत बोक्ने गरेको बताइएको छ । ठगीमा पर्नेहरु मध्येका मानिसहरुले दुई जना महिलाको तस्बीर उपलब्ध गराएका छन् । तर त्यसको पहिचान भने खुल्न सकेको छैन ।

रौतहट प्रहरीका प्रहरी उपरीक्षक दिलिप घिमिरेले अपरिचित महिलाहरुको समुहले गरगहना दोब्बरगरि थप उपहार समेत दिने भन्दै ठगी गरेको जानकारी प्राप्त भएको बताएका छन् । 'ठगिएका महिलाहरुबाट हालसम्म कुनै उजुरी प्राप्त भएको छैन' उनले भने, ठगीमा संलग्न रहेको आंशका गरिएका महिलाहरुको व्यापक खोजी भइरहेको छ ।

प्रहरी उपरीक्षक घिमिरेले अहिलेको समयमा पनि तत्कालै लिएको गरगहना दोब्बर बनाएर अर्को दिनसम्म उपहारसहित फिर्ता दिने प्रलोभनमा पर्नेहरु ठगिएको बताए ।

यस प्रकारको ठगी धेरै पहिले हुने गरेको थियो । एक दिनमै नगद डेढ गुणा र दुई गुणा वृद्धि गरी दिने, गरगहनाहरु दोब्बर गरिदिने प्रकृतिको ठगी हुने गरेको थियो । तर फेरि त्यस्तो प्रलोभनमा परेर महिलाहरु ठगिएका छन् ।

ठगीमा परेका महिलाहरुले जनाए अनुसार भारतीय महिलाहरु जिउमा हात राख्ने, मिठा कुराहरु गरी अनेक प्रलोभन देखाउँदै गरगहना फिर्ता गर्ने भरपुर विश्वास दिने गरेको बताएका छन् ।

हुन त केही महिलाहरुले उनीहरुले जिउमा हात हाल्दा सम्मोहित भएको र उनीहरुले भन्ने हरेक कुरामा विश्वास लागेको बताएका छन् ।

मधेश प्रदेशका अन्य जिल्लाहरुको भारतीय सीमावर्ती गाउँहरुमा समेत यस प्रकारको ठगी हुन सक्ने प्रहरीले सचेत गराएको छ ।

तिहार र छठको मौकामा गरगहना दोब्बर बनाएर उपहार समेत दिने महिलाहरु देखा परे तत्काल प्रहरीलाई खबर गर्न आव्हान गरिएको छ ।

अत्यन्त जरूरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रित्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!


पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years | BBA 4 Years | MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म


सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३



# दिगो प्रविधिका क्षेत्रमा अनुभव आदान प्रदान गर्ने अन्तर्राष्ट्रिय सम्मेलन

काठमाण्डु । उन्नत पदार्थसम्बन्धी अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन आजदेखि सुरु भएको छ। नेपाल पोलिमर इन्स्टिच्युट, त्रिभुवन विश्वविद्यालय, कलेज अफ बायोमेडिकल इन्जिनियरिङ एण्ड एप्लाइड साइन्सेस, दिनदयाल विश्वविद्यालय गोरखपुर, भारत र आइपीडब्लु जर्मनीको आयोजनामा ' काठमाडौं सिम्पोजिया अन एडभान्स्ड मटेरियल्सको पाँचौं शृंखला यही कात्तिक ८ गतेसम्म काठमाडौंको बूढानीलकण्ठमा आयोजना गरिएको हो।



दक्षिण एसियाली मुलुकका पदार्थ विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान गरिरहेका वैज्ञानिक र विश्वभरका वैज्ञानिकबीचको सहकार्यलाई स्थापित र सम्बन्ध सुदृढ गर्ने सम्मेलनको मुख्य उद्देश्य छ । सम्मेलनमा नयाँ र स्मार्ट पदार्थ, हरित र दिगो प्रविधि, चक्रिय अर्थतन्त्र, नानो/बायो-आधारित अति सुक्ष्म पदार्थ, टिस्यु इन्जिनियरिङ, कम्प्युटेशन प्राविधिकमा केन्द्रित छलफल हुनेछ।

नेपाल पोलिमोर इन्स्टिच्युटका अध्यक्ष तथा यस सम्मेलन आयोजक समितिका संयोजक प्रा डा रामेश्वर अधिकारीले नानो/बायो, हरित र दिगो प्रविधिलगायतका पछिल्ला अनुसन्धानका क्षेत्रमा नेपालमा भए/गरेका अध्ययन, अनुसन्धानलाई विश्व समुदायसमक्ष प्रस्तुत गर्ने उद्देश्यले यो सम्मेलन आयोजना गरिएको बताउनुभयो ।

सम्मेलनमा नेपाल, फ्रान्स, जर्मनी, दक्षिण अफ्रिका, जपान, भारत, अमेरिका, चीनलगायतका १६ मुलुकबाट आएका प्राध्यापक, वैज्ञानिक, अनुसन्धानकर्ता, युवा वैज्ञानिक तथा विद्यार्थी सहभागी छन् । सम्मेलनमा युवा वैज्ञानिकलाई लक्षित गरी 'स्मार्ट र फङ्सनल पदार्थको अनुप्रयोगमा हालको प्रगति' नामक एकदिने 'सर्ट कोर्ष' र नेपाल-भारत विशेष सिम्पोजियमसमेत आयोजना गरिने छ ।वैज्ञानिक सम्मेलनमा नेपाललगायत विश्वभरका दुई सय वैज्ञानिक सहभागी हुने र एक सय ३० वटा कार्यपत्र प्रस्तुत हुने र पोस्टर प्रस्तुति र मौखिक प्रस्तुतिका लागि युवा वैज्ञानिकलाई पुरस्कार प्रदान गरिने कार्यक्रम छ।

युवा वैज्ञानिक डा शङ्कर खतिवडाले सम्मेलनले नेपालको पदार्थ विज्ञान र खासगरी नानो/बायो प्रविधिका क्षेत्रमा भएका अध्ययन र अनुसन्धानात्मक गतिविधिको प्रवर्द्धनका लागि योगदान पुर्याउनुका साथै नेपालका वैज्ञानिकलाई विश्वभरका वैज्ञानिकसँगको सहकार्य निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्नुभयो । सम्मेलन अवधिमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा केशरजङ्ग बराल र दिनदयाल विश्वविद्यालय गोरखपुरकी उपकुलपति प्रा डा पुनम टण्डनले सम्बोधन गर्नुहुने जनाइएको छ ।रासस

# विविध कार्यक्रमका साथ जङ्गी अड्डामा राष्ट्रसंघ स्थापना दिवस मनाइँदै

काठमाण्डु । विश्वभर शान्ति,एकता,मैत्री र मेलमिलाप प्रवर्धन गर्ने उद्देश्यले स्थापना भएको संयुक्त राष्ट्रसङ्घको ७९ औं वार्षिकोत्सव पर्सी बिहीबार विविध कार्यक्रमका साथ जङ्गी अड्डामा मनाइँदै छ । प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा हुने नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको टोलीद्वारा शान्ति मार्च पास, झाँकी प्रदर्शन, तेक्वान्दोसहितका विभिन्न खेल र संयुक्त ब्यान्डको प्रस्तुति रहनेछ।



जङ्गी अड्डामा आयोजना हुने राष्ट्रसङ्घ स्थापना दिवस कार्यक्रमले शान्ति, समानता र सहकार्यका लागि एकजुट हुने सन्देश प्रवाह गर्ने नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले बताउनुभयो।

अन्तर्राष्ट्रिय श्रम, खाद्य तथा कृषि, विश्व स्वास्थ्य, हुलाक, नागरिक उड्डयन, जलवायु, बौद्धिक सम्पत्ति, सामुद्रीक, कृषि विकास कोष, औद्योगिक विकास र पर्यटन सङ्गठनलगायत उक्त विश्व संस्थाका १५ वटा विशिष्टिकृत निकायमार्फत श्रम, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जलवायुका क्षेत्रमा मुलुकलाई सहयोग प्राप्त हुँदै आएको छ।

**छ दशक पुरानो सहकार्य**

सन् १९५५ मा राष्ट्रसङ्घको सदस्य भएको नेपालले त्यसको तीन वर्षपछि शान्ति सैनिक परिचालन गर्न थालेको हो । मुलुकले शान्ति सेनामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट सुरक्षाकर्मी परिचालन गर्दै आएका छ । राष्ट्रसङ्घीय शान्ति सेनामा सैनिक परिचालन गर्ने मुलुकको सूचीमा नेपाल प्रथम स्थानमा छ।

राष्ट्रसङ्घको आह्वानमा हाल विश्वका एक सय २० राष्ट्रबाट ९७ हजार शान्ति कार्यरत छन् । राष्ट्रसङ्घको छाता मुनि विश्वका विभिन्न मुलुकमा स्थापना भएका ११ शान्ति मिसनमा छ सय ५१ महिलासहित पाँच हजार नौ सय १८ नेपाली शान्ति सैनिक परिचालन भएछन् । शान्ति सेनामा महिला परिचालन गर्ने मुलुकको सूचीमा पनि नेपाल शीर्षस्थानमा छ । शान्ति मिसनमा सशस्त्र प्रहरी बलबाट एक सय ९५ र नेपाल प्रहरीका २८ जना कार्यरत छन्।

द्वन्द्वबाट जटिल, जोखिम र चुनौतीपूर्ण बनेको परिवेशमा पूर्ण निष्ठा र व्यावसायिकताका साथ काम गरेर नेपाली शान्ति सेनाले देशको गरिमा बढाएको छ । नेपाली सेनाका अनुसार हालसम्म ४४ मिसनमा एक लाख ५३ हजार छ सय ५४ नेपाली शान्ति सैनिक आफ्नो सौर्य प्रदर्शन गरेका छन् । सन् १९५८ मा लेबनानमा पाँच सैनिक पर्यवक्षक परिचालन गरेर विश्वशान्ति स्थापनाका निम्ति स्थापना भएको राष्ट्रसङ्घसँग सहकार्य सुरु गरेको नेपालले सन् १९७४मा नेपाली सेनाको पुरानो गोरख गणलाई इजिप्टमा परिचालन गरेको थियो। हालसम्म ७३ नेपाली शान्ति सैनिकले वीरगति प्राप्त गरेका छन् भने ६९ जना घाइते भएका छन्।

शान्ति सेनाका पूर्वफोर्स कमाण्डर ईश्वर हमाल नेपाली सैनिक व्यावसायिक तथा चुनौतिपूर्ण परिस्थितिमा पनि निर्भीकतापूर्वक निर्देशन कार्यन्वयन गर्ने भएकाले सबै फोर्स कमाण्डरले नेपालीलाई रुचाउने गरेका बताउनुहुन्छ।

मिलनसार र उत्कृष्ट ढङ्गबाट जिम्मेवारी पूरा गरेकै करण राष्ट्र सङ्घ र द्वन्द्वग्रस्त मुलुकका नागरिकको पहिलो रोजाइमा नेपाली सेना पर्दै आएको उहाँको विश्लेषण छ।

राष्ट्रसङ्घबाट माग भएमा १० हजार सैनिक परिचालन गर्न नेपाल तयार रहेको सरकारले बताउँदै आएको छभने नेपालको योगदानलाई कदर गर्दै सिरियास्थित शान्ति मिसनको फोर्स कमाण्डरको जिम्मेवारी बलाधिकृत रथी निर्मल थापाले सम्हाल्ने अवसर प्राप्त भएको छ।

यसअघि कृष्णनरसिंह थापा, भिक्ट्री राणा, बालानन्द शर्मा, पवनजङ्ग थापा, पूर्णचन्द्र थापाले फोर्स कमाण्डरको जिम्मेवारी सम्हाल्नु भएको थियो ।रासस

# 'घरवारविहीनहरुको रात सधैं सडकमा बित्छ'

काठमाण्डु । मजदुरीले थाकेको शरीर विश्राम गर्न जिते तामाङसँग न घर छ न डेरा । उहाँसँग खुला आकाश र जुनेली रात मात्रै छ। दरबारमार्ग र ठमेलका गल्लीको चिसो भुइँमा कार्टुन र बोरा बिच्छ्याएर उहाँ प्रायः खुला आकाशमुनि रात बिताउनुहुन्छ। तामाङ गर्मी, जाडो र बर्खा जुनसुकै ऋतुमा सडकमा रात बिताउनुहुन्छ । शुक्रबार दरबारमार्गमा साँझ परेपछि घाम कहिले ओझेल पर्छ र निदाउन अध्यारो खोज्न सुरसार गर्दै हुनुहुन्थ्यो तामाङ । बोल्दाबोल्दै बिर्सने मनस्थितिमा पुग्नुभएका उहाँलाई आफू सडकमा आउनुको कारण एक वाक्यमा टुग्याउनुहुन्छ। "चाहेको होइन तर परिस्थितिले सडकमा ल्यायो", उहाँ भन्नुहुन्छ, "घर र ठेगाना सडकबाट सुरु भएर सडकमै टुङ्गिन्छ।"



घाम अस्ताउने पश्चिमतिर भन्ने मात्रै थाहा छ उहाँलाई । परिवार र आफन्तीको लेखाजोखा उहाँले कहिल्यै गर्नुभएन् । दिनमा भारी बोक्न पाए दुई/चार रुपैयाँ कमाउने र बेलुका खाना खाएर सडकमा बास बस्ने उहाँको दैनिकी हो । उहाँ भन्नुहुन्छ, "न्यायो ओछ्यान बिर्सिएको वर्षौं भयो। आफ्नो विगतको तीतोपल सम्झिन चाहन्न।" जाडो याममा अत्यन्त कठिन हुनेहुँदा कसरी चिसो कटाउने भन्ने चिन्ताले लाग्ने उहाँ बताउनुहुन्छ।

सडकमा रात बिताउन पनि घरवारविहीन सडक मानवलाई सजिलो छैन। गोरखा जिल्लामा जन्मिएको बताउने सानोकान्छा घर्तीको धेरैजसो रात ठमेलका सडक पेटीमा बित्ने गर्दछ । "गरिब देखेर सबैले हेप्छन्, चोर्छ भन्दै पेटीमा पनि बस्न दिदैनन्", उहाँ भन्नुहुन्छ । उहाँ कहिले आफ्नै साथीहरुबाट लखेटिनुहुन्छ भने कहिले सर्वसाधारण र व्यापारीबाट।

सडक पेटी कब्जा गरेर बस्ने उहाँकै समूहबीच हातथाप हुन्छ। अलि सुकिलो र पानी ओत लाग्ने भुइँ रोज्ने टाठाबाठा हुन्छन्।

साठी वर्षीय घर्ती भने कहिलेकाहीँ त्यही चिसो भुइँ पनि रोजेर पाउनुहुन्न। भुइँमा पनि बास बस्न पनि ठूलो सङ्घर्ष गर्नुपर्ने उहाँको गुनासो छ। "आफूमाथिको दुर्व्यवहार कसलाई सुनाउने ? कुनै निकाय छैन । त्यसैले चुपचाप भई दुर्व्यवहार सहन बाध्य हुन्छ", उहाँ भन्नुहुन्छ। सडक पेटीमा रात बिताउने पुरुषको सङ्घर्ष जति छ त्योभन्दा बढी महिलाका व्यथा छन्।

सडकमा कुनै पनि मानव अलपत्र र बेवारिसे नभेटिउन् भन्ने सेवा भावका साथ मानव सेवा आश्रमले गत असोज २६ गतेदेखि मेचीमहाकाली राष्ट्रिय उद्धार यात्रा सुरु गरेको छ। जसको आफन्ती कोही छैन, बेवारिसे छ उसको उद्धार गरी आश्रय दिनु आश्रमको जिम्मेवारी हो। आश्रमका अध्यक्ष रामजी अधिकारी मेचीमहाकालीको उद्धार यात्रामा कोसी प्रदेशबाट तीन दिनमा ४४ जनाको उद्धार गरिएको जानकारी दिनुहुन्छ।

उहाँका अनुसार मधेश प्रदेशको लहानमा १३ र जनकपुरमा ११ जनाको उद्धार गरिएको छ। कात्तिक २८ गतेसम्म देशभरका सडक मानवको उद्धार गर्ने उहाँ बताउनुहुन्छ। जतिसुकै उद्धार कार्य सक्रिय गरि पनि सडकमा जाँडरक्सी खाएर स्वतन्त्र जीवन जिउन चाहने र माग्ने पेसा अपनाउने मानव आश्रमको उद्धार क्षेत्रअन्तर्गत नपर्ने उहाँको धारणा छ। "सडकमा वास्तविक सडक मानव भए उद्धार गरेका छौं", अध्यक्ष अधिकारी भन्नुहुन्छ, "जाँडरक्सी खाने र माग्ने व्यक्तिलाई सम्हाल्नु हाम्रो चुनौती बनेको छ।

" सडकमा वास्तविक बेवारिसे मानव हुन कि होइनन् भनी पहिचान गर्न एउटा 'सडक मानव स्क्रिनिङ सेन्टर' जरुरी रहेको उहाँ बताउनुहुन्छ।

सबै सडकका मानवलाई त्यहाँ राखेर वास्तविक पीडित पहिचान गर्न सजिलो हुने अध्यक्ष अधिकारीको बुझाइ छ। उहाँका अनुसार आश्रमले हालसम्म १२ वर्षको अवधिमा ११ हजार सडक मानवको प्रत्यक्ष उद्धार गरेको छ । तीमध्ये एक सय ५० बालबालिका छन् । ज्येष्ठ नागरिक तीन सय छन् भने एक हजार सडक मानव मानसिक सन्तुलन गुमाएका छन्। आश्रमले सात प्रदेशको १९ जिल्लामा २५ वटा सेवा केन्द्र सञ्चालन गर्दै आएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारी अलपत्र सडक मानवको उद्धार गर्ने संयन्त्र बलियो नहुँदा व्यवस्थापनमा समस्या आएको बताउनुहुन्छ। सडकमा जथाभावी डुल्ने, भौतारिने गर्दा कुलतमा पसेको, दुर्घटनामा पर्न सक्ने, शान्ति सुव्यवस्थामा खलल पुग्नेजस्ता गतिविधि हुने गरेको उहाँ बताउनुहुन्छ।

"प्रहरीले सडक मानव देख्नेबित्तिकै तत्काल खबर गर्ने संयन्त्रको अभाव छ", प्रहरी उपरीक्षक अधिकारी भन्नुहुन्छ, "स्थानीय सरकार बढी जवाफदेही हुनुपर्ने अवस्थामा यसप्रति खासै चासो दिएको देखिँदैन।" सडक मानव अपराधी नभएकाले अलपत्र परेका बेला भेटिएमा प्रहरीले थुनामा राख्न नमिल्ने उहाँ उल्लेख गर्नुहुन्छ।

"तत्काल उद्धार गर्ने स्रोतसाधन प्रहरीसमक्ष छैन। केही संस्था सहयोगी भए पनि पर्याप्त उद्धार संयन्त्र छैन", प्रहरी उपरीक्षक अधिकारी भन्नुहुन्छ । स्थानीय सरकारले सहयोगी सङ्संस्थासँग समन्वय गरी सडक मानव उद्धारको पहल गर्नुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।रासस

# कानुनी शासन र मानव अधिकार संरक्षणमा चुनौती थपिँदै

काठमाण्डु। कानुनको शासन र मानव अधिकार संरक्षणमा विश्वव्यापी रुपमा चुनौती थपिँदै गएको सरोकार भएकाहरुले बताउनुभएको छ । अन्तर ष्ट्रिय बार एशोसिएसनसँगको सहकार्यमा नेपाल कानुन समाजले सोमबार यहाँ आयोजना गरेको 'कानुनको शासन र मानव अधिकार' विषयक कार्यक्रमका सहभागीहरुले कानुनी शासन र मानव अधिकार संरक्षणमा विश्वव्यापी रुपमा चुनौती थपिँदै गएको बताउनुभएको हो।

पूर्वप्रधानन्यायाधीश एवं संविधान निगरानी समूहका अध्यक्ष कल्याण श्रेष्ठले विधिको शासन र मानवअधिकार लोकतन्त्रको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै यसको परिपालना र प्रवर्द्धनमा अहिले विश्वव्यापी रुपमा चुनौती देखिँदै आएको बताउनुभयो । उहाँले नेपालको संविधान २०७२ को मौलिक हकमा व्यवस्था गरिएको विषय कतिको कार्यान्वयनमा गएको छ भनेर समीक्षा गर्नेबेला आएको उल्लेख गर्नुभयो।





पूर्वप्रधानन्यायाधीश श्रेष्ठले अदालतले दिएको आदेश कार्यान्वयनमा समस्या खडा हुँदै आएको बताउनुभयो। नागरिक समाजको भूमिकाका सन्दर्भमा कानुनको शासन साँघुरिँदै गएको जिकिर गर्दै उहाँले मानव अधिकारको एजेण्डा ओझेलमा पर्दै जानु दुःखको कुरा भएको धारणा राख्नुभयो । पूर्वप्रधानन्यायाधीश श्रेष्ठले राजनीतिक पार्टीबाहेकमा नागरिक सङ्गठित हुने अवस्था सृजना गरी मानव अधिकारको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले रोम विधानका लागि आदेश दिँदा पनि लागू हुन नसकेको स्मरण गराउँदै राज्यले मानव अधिकार संरक्षण र कानुन कार्यान्वयन पहिलो प्राथमिकतामा राखी यो जना बनाउनुपर्नेमा जोड दिनुभयो।

नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले कानुनको शासन र मानव अधिकार संरक्षणमा बारले खबरदारी गर्दै आएको भन्दै यसबाट पूर्ण सन्तुष्टी हुने अवस्था नरहेको बताउनुभयो। उहाँले हरेक १० वर्षमा संविधानको समीक्षा गर्ने कुरा स्पष्ट रुपमा उल्लेख भएकाले यसतर्फ ध्यान दिनसके विधिको शासन र मानव अधिकार संरक्षणमा केके समस्या भए केके लागू भए भनेर मूल्याङ्कन गर्न सकिने भन्दै सोही अनुसार संशोधन गरेर कार्यान्वयन गर्न सकिनेतर्फ ध्यानाकर्षण गराउनुभयो।

एशोसिएसनका अध्यक्ष घिमिरेले यसरी संविधान संशोधन प्रक्रियामा नागरिक समाजलाई पनि सँगसँगै लैजानसके थप प्रभावकारी हुने धारणा राख्नुभयो। उहाँले कुननको शासन, भ्रष्टाचारमुक्त न्यायालय, मानव अधिकार संरक्षण, पारदर्शीताका विषयलाई बारले आफ्नो आधारभूत एजेण्डाका रुपमा अघि सारेको पनि जानकारी गराउनुभयो।

अन्तर्राष्ट्रिय बार एशोसिएसनका कार्यकारी निर्देशक डा मार्क एलिसले कानुनको शासन प्रवर्द्धन र मानव अधिकार संरक्षणको विषय विश्वयापी चुनौतीको विषयमा भएको औंल्याउँदै गम्भीर हुनुपर्नेबेला आएको बताउनुभयो। देशअनुसारका घटना प्रकृति भने फरकफरक हुने उहाँको भनाइ थियो।

नेपाल कानुन समाजका अध्यक्ष पुष्पा भुसालले मानव अधिकारको संरक्षण र कानुनी शासनबिना लोकतन्त्रलाई बलियो बनाउन नसक्ने भएकाले समाजले यसरी बहसअघि बढाएको बताउनुभयो। रासस

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८१।६।२२ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : रामवरण यादव**
**सिम्बोल नं.:** २१७०३८०२
**रजिष्ट्रेशन नं.:**७३१७२८०३८
**ठेगाना:** हंसपुर न.पा.-०२, धनुषा
**मो.नं.**९८४०२००२५७

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दिपावली र छठ पर्व नजिक आइरहेको बेलामा चाडपर्वमा प्रयोग हुने माटोको भाडा कुम्हार समुदायका व्यक्तिहरुले बनाउदै । *तस्बिर : संजय कुमार यादव*

# वीरगञ्जको क्रिकेट मैदान स्तरोन्नति गरिँदै

वीरगञ्ज ।यहाँको नारायणी रङ्गशाला परिसरमा अवस्थित क्रिकेट मैदान स्तरोन्नति सुरु गरिएको छ। वर्षौंदेखि मर्मतसम्भार र संरक्षण अभावमा रहेको मैदानको स्तरोन्नति थालिएको हो।

नेपाल क्रिकेट सङ्घले आगामी डिसेम्बरदेखि जनवरीसम्म मधेश प्रदेशको जनकपुर र वीरगञ्जमा दुई दिवसीय एलिट कप क्रिकेट प्रतियोगिता गर्ने तयारी गरेसँगै वीरगञ्जको क्रिकेट मैदान पिच तथा स्तरोन्नतिको काम अघि बढाइएको हो।

एलिट कपमा मधेश प्रदेश, बागमती, नेपाल पुलिस र त्रिभुवन आर्मी क्लबले प्रतिस्पर्धा गर्नेछन्। पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंहले सम्भावित एलिट कपलाई लक्षित गरेर वीरगञ्ज क्रिकेट मैदानको स्तरोन्नति थालिएको जानकारी दिनुभयो । " वीरगञ्ज क्रिकेट मैदान लामो समयदेखि अलपत्र हुँदै आइरहेको थियो। एलिट कपको पूर्वसन्ध्यामा कम्तीमा क्रिकेट मैदानमा अन्तर्राष्ट्रियस्तरको 'पिच' निर्माण थालनी गरेका छौँ," उहाँले



भन्नुभयो, "मङ्सिरको दोस्रो सातासम्म क्रिकेट मैदानको पिच र अन्य संरचना निर्माण हुन्छ।"

नेपाल क्रिकेट सङ्घमा आवद्ध बङ्गलादेशका क्युरेटर एमडी अब्दुल अल मनुको नेतृत्वमा क्रिकेट मैदानमा पिच तयार पार्ने काम भइरहेको छ । "मैदानमा १८ इन्चको गहिरो बनाएर पिच निर्माण भइरहेको छ," उहाँले भन्नुभयो, "अहिलेसम्म पिचको फाउण्डेसन तयार भइसकेको छ । यो मैदानमा अन्तर्राष्ट्रियस्तरकै पिच बन्ने छ।" क्रिकेट सङ्घका जिल्ला अध्यक्ष सिंहले पिच तयारसहित स्तरोन्नति गर्न मजदूरको ज्यालाबाहेक रु आठ लाख रुपैयाँ खर्च हुने जानकारी दिनुभयो । मैदान चार बिघा १८ कठ्ठा १५ धुर क्षेत्रफलमा फैलिएको छ । अध्यक्ष सिंहले क्रिकेट मैदान मुआब्जा विवाद र बजेट अभावका कारण संरक्षण गर्न नसकिएको गुनासो गर्नुभयो । "चार कठ्ठा जग्गाको मुआब्जा प्रक्रिया अघि बढाउन नसक्दा क्रिकेट मैदान संरक्षण र रेखदेख गर्न सकिरहेका छैनौँ," उहाँले भन्नुभयो,' 'मुआब्जाका लागि आर्थिक स्रोत र आवश्यक प्रक्रिया अघि बढाउन जरुरी छ।" रासस

## मेची-महाकाली राष्ट्रिय उद्धार यात्राः

# मधेस र कोशी प्रदेशबाट ८४ जनाको उद्धार

वीरगञ्ज । मेची-महाकाली राष्ट्रिय उद्धार यात्राको आठौँ दिनसम्म कोशी र मधेस प्रदेशबाट ८४ जना सडकमा आश्रित मानवको उद्धार गरिएको छ । मानव सेवा आश्रम र आनी छोइङ डोल्मा फाउण्डेशनले अघि सारेको मेची-महाकाली राष्ट्रिय उद्धार यात्राको प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज २६ गते प्रधानमन्त्री निवास बालुवाटारबाट शुभारम्भ गर्नुभएको थियो। उद्धारकार्य भने यही असोज २८ गतेदेखि मेचीपुलबाट थालनी गरिएको थियो। मानव सेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले मेची-महाकाली राष्ट्रिय उद्धार यात्राको आठौँ दिन सोमबारसम्म आइपुग्दा कोशी र मधेस प्रदेशमा गरेर ८४ जना सडकमा आश्रित मानवको उद्धार गरेको जानकारी दिनुभयो।

"मेचीपुलबाट यात्रा थालेको उद्धार यात्रा आठौँ दिनसम्म कोशी र मधेस प्रदेशमा सकाएका छौँ। कोशी प्रदेशबाट ४४ जना र मधेस प्रदेशबाट ४० जनाको उद्धार गरेका छौँ", उहाँले भन्नुभयो, "मङ्गलबारदेखि भने बागमती प्रदेशमा रहेकाहरूको उद्धारकार्य अघि बढाइनेछ।"

अध्यक्ष अधिकारीले कोशी र मधेस प्रदेशका उद्धार गरिएका सडकमा आश्रित मानवहरूलाई सरसफाइ र औषधोपचारपछि सोही प्रदेशमा रहेका मानव सेवा आश्रमका सेवा केन्द्रमा राखिएको जानकारी दिनुभयो । "अभियानको आठौँ दिन सोमबार वीरगञ्ज र सर्लाहीको हरिवनबाट तीन-तीनजना सडकमा आश्रितहरूको उद्धार गरेका छौँ", उहाँले भन्नुभयो, "रौतहटको चपुरबाट भने चार जनाको उद्धार गरिएको छ।"

मानव सेवा आश्रम वीरगञ्जका अभिभावक परिवारका सहसंयोजक प्रकाश थारूले उद्धार यात्राअन्तर्गत सोमबार वीरगञ्जबाट सडकमा आश्रित



तीन जनाको उद्धार गरिएको जानकारी दिनुभयो । "वीरगञ्जको सडकमा बेवारिसे अवस्थामा आश्रित रहनुभएका तीन जनाको उद्धार गरेका छौँ", उहाँले भन्नुभयो, "लामो समयदेखि सडकमै बसोबास गर्नुभएकाले अहिले राम्रो आश्रमस्थल पाउनुभएको छ, यो निकै सुखद् कुरा हो।"

मानव सेवा आश्रम वीरगञ्जका अभिभावक परिवारका संयोजक हरि गौतमले मानवसेवा आश्रम वीरगञ्जमा अहिले ५४ जनाले आश्रयस्थल पाउँदै आएको जानकारी दिनुभयो । "आश्रममा बसोबास गर्नेलाई ठाउँ अभावले गर्दा नयाँ भवन निर्माणको काम अघि बढाइरहेका छौँ", उहाँले भन्नुभयो, "भवन निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहयोग प्राप्त भए पनि आश्रम व्यवस्थापन र सञ्चालनमा रकमको अभाव भएको छ।"

मानवसेवा आश्रमले सातै प्रदेशका १९ वटा जिल्लामा २५ वटा सेवा केन्द्र विस्तार गरेको छ। अहिले मानव सेवा आश्रममा एक हजार सात सय ९७ जनाले आश्रय लिँदै आइरहेका छन्। आश्रमले विगत १२ वर्षको अवधिमा १० हजार चार सय ९७ जनाको सडकबाट उद्धार गरेको जनाएको छ। जसमध्ये चार हजार एक सय ४६ जनाको पारिवारिक पुनःमिलन गराएको छ। त्यस्तै एक हजारभन्दा धेरै भारतीय नागरिकलाई पनि पारिवारिक पुनःमिलन गराएर घर पठाएको छ। त्यस्तै पाँच जना बङ्गलादेशी नागरिकलाई पनि पारिवारिक मिलन गराइसकेको छ।


आश्रममा रहेका एक हजार तीन सय ३७ जनाको भने मृत्यु भइसकेको छ। आश्रमका अध्यक्ष अधिकारीले सडकबाट उद्धार गरिएकामा ६० प्रतिशत मानसिक समस्या देखिएकाले पनि औषधोउपचार र अन्य व्यवस्थापन गर्न आर्थिक चुनौती कायमै रहेको गुनासो गर्नुभयो । 'यो पटकको चाडपर्वमा कसैले बस्न नपरोस् सडकपेटीमा' भन्ने भावनासहित अभियान अघि सारेको हो । ३२ दिनसम्म सञ्चालन हुने उद्धार यात्रामा वरिष्ठ गायिका तथा समाजसेवी आनी छोइङ डोल्मा र मानवसेवा आश्रमका संस्थापक/केन्द्रीय अध्यक्ष अधिकार ।सहित ४७ जना यात्रीहरूको सहभागिता छ। यो अभियान यही कात्तिक २८ गते काठमाडौँको प्रज्ञा प्रतिष्ठानमा समापन गरिने जनाइएको छ।रासस

# मिथिला क्षेत्रका डोम र बिन समुदायका मानिस चडेरा, ढकी, छिटी बनाउन व्यस्त

महोत्तरी। मधेशमा चन्द्रमासले कात्तिक टेकेपछि यहाँका अति विपन्न डोम र बिन जाति समुदायको बस्तीमा चहलपहल बढ्छ । हरेक वर्ष कात्तिक सुरु भएपछि यी समुदायका बस्तीमा बाँसका चोयाबाट निफननाफन र राखनधरनका सामान बनाउने व्यस्तता बढेको छ। उनीहरू चडेरा, ढकी, छिटी, नाङ्लो, चाल्नो, हातेपङ्खा र कोनियाजस्ता सामग्री दीपावली र लगत्तैको छठमा बिक्री हुने आशमा महोत्तरीसहित मधेशका मिथिलाक्षेत्रका मानिस सामान बनाउन व्यस्त भएका हुन्।

कात्तिक कृष्णपक्षमा यस भेगका यी दुवैसमुदाय बाँससँगै खेल्छन्। अब चाडबाड नजिकिएपछि आफ्नो काममा भ्याइनभ्याइ परेको बाँसका चोयाबाट राखनधरनका सामान बनाउनेहरु बताउँछन् । "कात्तिक अन्हरिया (कृष्णपक्ष) को छ दिन त भइ हाल्यो, अब त दीपावली कति छ र ? अनि त्यसलगत्तै छठ ! यी पर्वमा हाम्रो सीप बिक्ने आशमा अहिले बाँससँग खेल्दैछौ" भङ्गगाहा-४ रामनगरका केशो मुखिया बिन भन्नुहुन्छ, "वर्षभरिको नगद खर्चको भर यिनै पर्वमा टिकेको हुन्छ ।" बिनजस्तै महोत्तरीका डोमहरुका झुपर बस्तीमा पनि अहिले बाँसका कप्टेरा/ चोया काढ्ने र मागअनुसारका सामान बनाउने व्यस्तता बढेको छ । बाँसका चोयाबाट बन्ने यी सामान दीपावलीमा पनि बिक्री त हुन्छन् , तर मुख्यचाहिँ छठकै माग हुने गौशाला-१२ पडरियाकी अञ्जली मरिक बताउनुहुन्छ।

सामान्यतया छठका बर्तालुले आवश्यकताका सामान बनाइदिन पहिले नै भन्ने गरेका हुन्छन् । तर ग्राहकको पूर्वमागबाहेक पनि चोयाबाट बन्ने यी सामान बिक्री हुने आशमा अहिले डोम र बिन समुदाय बाँस खोज्ने र चोया काढ्ने काममा परिवार नै लागेका छन्। कात्तिकको पहिलो पक्ष डोम र बिन समुदायको कैयौं महिनाअघिदेखिको छोराछोरीको माग पूरा



गर्ने सपना साचिएको समय हो । घरमा छोराछोरी र परिवारजनले गर्ने 'फर्माइस' घरमूलीले कात्तिक लाग्न देउ भनेर थमाएका हुन्छन् । यसबेला बिक्ने आफ्नो सीपले ससाना नानीहरुको रहर पूरा गर्ने, नयाँ लुगा लइइदिने, मिठोमसिनो खाने र वर्षभरिको नुनतेलको जोहो गर्ने कात्तिकका पहिला र दोस्रो साता हुनेगरेका बर्दिबास-१ कै भोगेन्द्र मरिक बताउनुहुन्छ।

बिन र डोम बाँसका चोयाबाट नाङ्ला, चाल्ना, छिटी, हातेपङ्खासहितका सामान बनाउन सिपालु मानिन्छन् । दीपावली र छठमा मात्र आफूहरुको सीप बिक्ने गरेको यी दुवैजाति समुदायको समान पीडा छ । पुर्ख्यौली पेसा र सीप पर्वबाहेक अन्य बेला बिक्न छाडेपछि बिन र डोम समुदायका नयाँ पुस्ता अन्य पेसा र सीपका क्षेत्रमा जान थालेका छन् । हाल ५० वर्ष सेरोफेरोका बिन र डोमको शेषपछि यहाँ बाँसका चोया काढेर टोकरी,मान्द्रा, डोका बनाउने भेटिन कठिन हुने चिन्ताले रामगोपालपुर बजारचोक नजिकका प्रताप मरिकले पिरोलिनुभएको छ।

बिन र डोम समुदायका पाँच दशकमाथिका उमेर समूहका मानिस चोया खेलाए आय आर्जनको आश गर्दैछन् । "बाबुबाजेले यही काम गरे, हामीले यही सिक्यौँयही दीपावली र छठको आश छ हामीलाई हो" रामगोपालपुर बजारचोक नजिकका प्रताप मरिकले भन्नुभयो।

"हाम्रो वर्षभरिको नगद खर्चको ब्यौंत (जोहो) गर्ने बेला यही हो, अहिले चुके वर्षभरि नगद हेर्न पाँइदैन" लोहारपट्टीको डठोरा बस्तीका रत्नेशर मरिक भन्नुहुन्छ, "ससाना नानीहरुको चाहना हामीले दीपावली र छठ पर्वमा पूरा गर्ने आशा गरेका हुन्छौं।" अन्य बेला आफ्नो सीपको खासै माग नहुने हुँदा वर्षभरिको खर्चको जोहो पनि यसैबेला गर्नु पर्ने रत्नेशर बताउनुहुन्छ।

बाबुआमा काममा ब्यस्त भएसँगै समान बनाइ दिन भन्न आउने ग्राहक बाक्लिएपछि ससाना नानीको फर्माइस पनि बाक्लिने गरेको छ । "बाबु, दिबाली (दीपावली) मे हमरा फुटबल लादिहा" (बुबा, दीपावलीमा मलाई फुटबल ल्याइदिनु होला) पर्वका लागि माग भएका चोयाका समान बुनी रहेकी बर्दिवास-१ का भोगेन्द्र मरिकको छेउमै खेल्दै आइपुगेको आठ वर्षीय छोरा शिवु मरिकको माग छ।

जनजाति समूहका बिन र दलित समुदायका डोम दुवैको शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकतामा पहुँच कम छ। खासमा बिनभन्दा डोमहरुको जीवनचर्या अझ बढी अभाव र कष्टमा देखिन्छ। गरिबी र अशिक्षाले जकडिएका डोम समुदायका लागि ठूलाबडाको मृत्यु हुँदा अग्निसंस्कारका लागि आगो बेचेर प्राप्त हुने आम्दानी, श्मसानघाटमा फालिएका बाँसका घोचा सङ्कलन गरेर बनाइएका चोयाका समान बेचेर प्राप्त हुने आम्दानी र सुँगुर पाल्ने पुर्ख्यौली पेसाबाट प्राप्त हुने आम्दानी नै जीवन गुजाराको सहारा रहँदै आएको छ।

तिहार र छठ भने आफूहरुले पनि निष्ठापूर्वक मनाइने भएकाले यी पर्वप्रयोजनका सामग्री नयाँ बाँस किनेर पवित्र मनले बनाइने गरिएको डोमहरु बताउँछन्।

महोत्तरीका सबै नगर, गाउँ-बस्तीमा सीमित सङ्ख्यामा यी जाति समुदायको बसोबास छ । यी दुवैको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक र शैक्षिक अवसरमा निकै कम पहुँच छ । अवसर नपाएका सीमान्तकृत समुदाय, दलितहरुको उत्थानका लागि सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको बजेट भाषण र सम्बोधनमा सुनिने गरिएपनि यस्ता कार्यक्रमभने यी समुदायबीच खासै नपुगेको सामाजिक अभियानीहरुको टिप्पणी सुनिन्छ। सरकारी कार्यक्रमहरुको प्रभावकारी अनुगमन नहुँदा अवसर नपाएका यी समुदायको उत्थानको काम हुन नसकेको सामाजिक संस्था 'प्रयास' अध्यक्ष प्रवीण कर्ण बताउनुहुन्छ।रासस

# दीपावली पर्व केराखेती गर्ने किसानलाई आम्दानीको अवसर

महोत्तरी। दीपावली पर्व केराखेतीका किसानलाई अतिरिक्त आम्दानीको अवसर बन्दै आएको छ।

दीपावली र छठका लागि केही दिन पहिलेदेखि नै केराका घरीको बिक्री सघन बन्नसँगै केराका थामकै पनि राम्रो मूल्य पाउने भएपछि मधेसका महोत्तरीसहितका मिथिला क्षेत्रका किसानका लागि यो अतिरिक्त आम्दानीको अवसर बन्ने गरेको हो । खासमा दीपावली पर्वमा लक्ष्मीपूजनमा केराका थामको स्वागतद्वार बनाइने यहाँको परम्पराले यस बेलालाई किसानले केराको गोडमेलको अवसर बनाउने गरेका छन्।

"छिप्पिएका केराका घरी यसबेला राम्रो मूल्यमा एक साता पहिलेदेखि नै कुराकानी पक्का हुन्छ, यसैबेला सानाठूला सबैजसो व्यापारीले केराका थामको स्वागतद्वार बनाउने चलनले हामी झ्याङमा धेरै बढेका कोथा यसैबेला छ्यास्ने गर्छौं", बर्दिबास-९ पशुपतिनगरका किसान भोला महतो भन्नुहुन्छ, "दीपावलीको अवसर गोडमेलमा उखेलेर फाल्नुपर्ने कोथाबाट पनि नगद पाइन्छ।"

केरा गोडमेलसँगै निकै झ्याङ्गिएका कोथा पहिले नै निकाल्ने बेला भए पनि किसान यसका लागि दीपावलीको मुख पर्खने गर्छन् । "भन्नुस् न, अरुबेला यी कोथाको के काम ! यतिखेर त घरघरै



कोथा खोज्न व्यापारी घरघरै आउँछन्, त्यसैले हामी केराको गोडमेललाई दीपावली पर्खने गर्छौं" भोलाकै छिमेकका अर्का किसान रामविनोद महतो भन्नुहुन्छ, "यसबेलाको गोडमेलले श्रमिकलाई दिइने ज्याला र थपमा आफ्नो पर्व खर्चमा पनि कोथा बिक्रीले सघाउँछ।"

स्वागतद्वार बनाउन नयाँ कोथा (केराका थाम) प्रयोग गरिने परम्पराले दीपावलीको एक साता पहिलेदेखि नै किसानका खेतबारीका कोथाको बिक्री हुने पक्का हुने गरेको छ। "मेरो बारीका ५० जोर कोथाको त पेश्की नै पाइसकेको छु", भङ्गाहा-४ रामनगरका युवा किसान ३० वर्षीय रामईश्वर ठाकुर भन्नुहुन्छ, "थाम बिक्रीले गोडमेलमा जनको बनी (श्रमिकको मजदुरी, ज्याला) मात्र नभई आफ्नै अन्य खर्चको जोहो पनि हुन्छ।" त्यसैले आफूहरु केरा गोडमेललाई दीपावलीको बेला पर्खने गरेका ठाकुर बताउनुहुन्छ । अन्यबेला गोड्दा उखेलेर फाल्नुपर्ने कोथाबाट यसबेला आम्दानी हुने भएपछि पर्वका बेला कामको धपेडी बढे पनि आफूहरूले यस कामलाई दीपावली पर्खनुपरेको किसान बताउँछन्।

वर्षभरिमा एउटा केराका झ्याङमा पाँच/सातवटासम्म फाल्नुपर्ने कोथा निस्कने किसानको भनाइ छ । केराको एक/एक झ्याङमा हुर्केका (ठूला) तीनवटा बोटमात्र राखिनुपर्ने हुँदा यसभन्दा बढीका कोथा उखेलेर फाल्नुपर्ने हुन्छ । दीपावलीमा त्यही फालिने कोथा बिक्री हुने भएपछि यो आफूहरूको खेती खर्चमा सहयोगी बन्ने किसान बताउँछन्।

"अरुबेला केरा गोडमेल गरिँदा छ्यासिने (उखालिने) कोथा मलको भकारोसम्म पुर्याउन लाग्ने श्रम बराबरको पारिश्रमिक दिनुपर्ने हुन्छ", भङ्गाहा-६ हतिसर्वाको मदनपट्टिका किसान जयराम यादव भन्नुहुन्छ, "दीपावलीमा भने कोथा किन्न आउने आफैँले पनि उखेलेर लाने गर्छन्, यसले मजदुरलाई दिनुपर्ने रकमसहित कोथा बेचेर प्राप्त हुने रकम अतिरिक्त आम्दानी हुने गरेको छ।" त्यसैले केरा गोडमेल र बढी निस्केका कोथा उखेल्न दीपावली पर्खने गरिएको किसानको भनाइ छ।

पछिल्ला तीन वर्षयता बर्सेनि थाम (कोथा) बाट रु ३० हजारसम्म आम्दानी हुने गरेको यादवले बताउनुभयो। यादवको १५ कठ्ठाजतिमा केराखेती छ।

दीपावली आउन एकसाता बाँकी छँदै सुरु भएको थामको बिक्री लक्ष्मीपूजाको दिन बिहानसम्म चल्ने गरेको छ। अहिले मूल्य बोलकबोल गरिएका थामभने लक्ष्मीपूजाको एक दिनअघि उखेलेर ग्राहकले लाने किसान बताउँछन् । धेरै गाँजिएपछि बोट छ्यास्नैपर्ने ठाउँमा तिहार पर्खेर बसेका किसानले अन्यबेला फाल्नुपर्नेथामबाटै अहिलेआम्दानीभएपछि दीपावली पर्व आफूहरूका लागि पर्खने अवसर बनेको किसानको भनाइ छ।

दीपावलीभरिमा जिल्लामा रु २० लाख हाराहारीको थामको बिक्री कारोबार हुने गरेको जिल्लाका उद्योग वाणिज्य सङ्घहरूको अड्कल छ।

खासमा थाम जलेश्वर, गौशाला, मटिहानी, मनरा, रामगोपालपुर, सीतापुर र लोहारपट्टीसहितका बजारमा बढी प्रयोग हुने गरेको महोत्तरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र चौधरी बताउनुहुन्छ।

मिथिला क्षेत्रमा दीपावली र छठपर्वका अवसरमा स्वागतद्वार बनाउन प्रयोग गरिने थाम शुभफलदायी मानिन्छ। केराका थामको स्वागतद्वारबाट लक्ष्मी गृहप्रवेश गर्ने विश्वासले यसको महत्व बढेको मिथिला संस्कृतिका जानकार बताउँछन् । वैदिककालदेखिकै यो परम्परा मिथिला लोकसंस्कृतिको हिस्सा नै बनेको जलेश्वर-५ पतैलीका ध्रुव रायले बताउनुभयो ।रासस


# 'मैथिली' र 'नेपाल भाषा' अनुवादकको अभिमुखीकरण

काठमाण्डु। 'राष्ट्रिय समाचार समिति मातृभाषा समाचार सेवा' अन्तर्गत 'मैथिली' र 'नेपाल भाषा' का अनुवादकलाई मंगलबार रासस केन्द्रीय कार्यालयमा रासस समाचार सेवाका साथै यसको कार्यप्रकृतिलगायत विषयमा प्रशिक्षण दिइएको छ।

गत पुसदेखि मातृभाषा सेवाअन्तर्गत 'अवधी' समाचार सेवा सञ्चालन गरिरहेको राससले देशमा नेपालीपछि अधिक बोलिने 'मैथिली' र आठौँ स्थानमा रहेको 'नेपाल भाषा' समाचार सेवा औपचारिक रूपमा यही कात्तिक ४ गतेदेखि सुरु गरिसकेको छ। परीक्षण प्रकाशनका रूपमा भने गत असोज २९ गतेदेखि मौजुदा जनशक्तिबाट नै ती भाषामा समाचार सेवा प्रारम्भ भएको थियो।

नेपाल भाषाका लागि नियुक्त नरोत्तम बज्राचार्य र पौभा डङ्गोल तथा मैथिली भाषाका गजेन्द्रकुमार राय र मृदाङ्का सलोनीलाई राससको इतिहास र परिचय, रासस समाचार सङ्कलन, सम्पादन र सम्प्रेषण, मातृभाषा पत्रकारिता र राससको दायित्व, रासस सेवा र प्रशासन तथा मैथिली र नेपाल भाषा अनुवाद र सम्पादनबारे क्रमशः महाप्रबन्धक सिद्धराज राई, नायब महाप्रबन्धक सोमनाथ लामिछाने र श्यामप्रसाद रिमाल, प्रशासन प्रमुख शीतलप्रसाद महतो, कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र नायब महाप्रबन्धक राजु शाक्यले प्रशिक्षण दिनुभएको थियो।

त्यसअघि कार्यक्रम उद्घाटनका अवसरमा अध्यक्ष झाले पहिलो पुस्ताका मातृभाषी अनुवादकहरूलाई व्यावसायिकताका साथ राससमार्फत सम्बन्धित समुदायको पहिचान, संस्कृति र भाषा जगेर्नामा लाग्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "केही भाषाहरू लोप हुँदै गएकामा विश्व नै चिन्तित छ, त्यसबाट सम्बन्धित भाषाका ज्ञान र संस्कृति पनि लोप हुनु चिन्ताको विषय हो, राससकर्मीले पत्रकारिता र भाषाको विकाससँगै ज्ञान, संस्कृति र समाज विकासका साथै प्रसारमार्फत योगदान गर्नुपर्छ।" उहाँले रासस मातृभाषा सेवामार्फत भाषा विकास अभियान पनि थाल्न तथा यसको प्रचारप्रसार र बजारीकरण गर्न रासस मातृभाषा जनशक्तिलाई निर्देशन दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# व्यवसायीकरण गर

हिन्दूहरुको आस्थाको केन्द्र मानिने जानकी जन्मभूमि जनकपुरधाममा भारी संख्यामा तीर्थयात्रीहरु आउन थालेका छन् । दिनहुँ आउने गरेका तीर्थयात्रीहरुको भन्दा सीताराम विवाह महोत्सवको बखत यो संख्या कयौं गुणा बढने गर्छ । सीताराम विवाह महोत्सवको आयोजना जानकी मन्दिरले गर्दै आएको छ । पम्परालाई निरन्तरता दिँदै जानकी मन्दिरले विवाह महोत्सवमा कयौं कार्यक्रमहरु थप पनि गरेका छन् । विवाह महोत्सवलाई सप्ताहव्यापी बनाउने काम वर्तमान महन्त रामतपेश्वर दास वैष्णवले गरेका छन् । जानकी मन्दिरले आयोजना गर्ने सीताराम विवाह महोत्सवलाई गुठी संस्थान, प्रदेश सरकार, संघीय सरकारले कुनै सहयोग गर्दैन । जानकी मन्दिरले आफ्नो लगानीमा कार्यक्रमको आयोजन गर्छ । हिन्दू तीर्थयात्रीहरु आस्था र भक्तिको कारण जनकपुरधाममा आयोजित सीताराम विवाह महोत्सव समारोहमा सहभागी हुने गर्छन् । सीताराम विवाह महोत्सवमा आउने अधिकांश पर्यटकहरु त्यहीँ दिन फर्किने गर्छन् । केही पर्यटकहरु रात्री बास बस्छन् । रात्री बास बस्ने पर्यटकहरु मध्ये अधिकांश खुला आकाशमुनि जानकी मन्दिरको परिसर, सडकलगायत विभिन्न मठमन्दिरहरुको खुलास्थानमा रात बिताउने गर्छन् । पर्यटकहरुका लागि पर्याप्त शौचालय, पिउने पानीको सुविधा नहुँदा नगर क्षेत्रमा जथाभावी फोहोर हुन्छ । मेला आयोजनका लागि जानकी मन्दिरले पहिलो बैठक गरिसकेको छ । मेलाको सुरक्षा व्यवस्था, सरसफाइ, पिउने पानी, बास, भोजनलगायतका व्यवस्थापन गर्ने निकायहरुले विशेष ध्यान दिन आवश्यक छ । जानकी मन्दिरले धार्मिक र सांस्कृतिक रुपमा परम्परागत कार्यहरुमा केन्द्रित रहने छ । अन्य पक्षलाई स्थानीय सरकार, जनकपुरधाम उपमहानगरपालिका, जनकपुरधाम उद्योग वाणिज्य संघ, होटेल व्यवसायी संघ, प्रदेश सरकारलगायतका निकायहरुले मेलालाई व्यवसायीकरण गर्न लाग्नु पर्छ । लाखौँको संख्यामा आउने पर्यटकहरुलाई राति रोकेर बजार घुमाउन सके त्यसबाट व्यवसायिक लाभ लिन सकिन्छ । पर्यटक ल्याउन गर्ने प्रयाससँगै त्यसको व्यवसायीकरण गर्नु आवश्यक छ । विगतमा जस्तै लाखौंको संख्यामा आउने पर्यटक फोहर मात्र गरेर जाने हो भने त्यो कमजोरी स्थानीयको हो । पर्यटन प्रवर्द्धन गर्ने र आउने पर्यटकको व्यवसायीकरण गर्न नसक्ने कमजोरी रहुञ्जेल पर्यटनबाट लाभ लिन सकिदैन । संसारमै अहिले सर्वाधिक व्यवसायिक सम्भावना पर्यटन व्यवसायमा छ । पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी प्रयास गर्न आवश्यक छ । जनकपुरधामबाट भारतको राजधानी नयाँ दिल्ली हवाई सेवा आवश्यक छ । भारतको दरभंगा विमानस्थलबाट हुने नयाँ दिल्लीको उडान संख्या धेरै भए पनि टिकटको मारामार छ । नेपालीहरु पनि विमानबाट नयाँ दिल्ली जान दरभंगालाई प्रयोग गर्छन् । जनकपुरधामबाट त्यो सुविधा भए ठूलो संख्यामा भारतीय पर्यटकहरु आउने छन् । त्यस तर्फ पनि पहल आवश्यक छ ।

## पराराष्ट्रमन्त्रीका सय दिनः

# कूटनीतिक सक्रियता, सम्बन्ध विस्तारमा जोड

**एकराज पाठक**

प्रायः पराराष्ट्रमन्त्रीको क्षमता र योग्यताको मापन उसको 'इङ्गेजमेन्ट' अर्थात द्विपक्षीय या बहुपक्षीय भेटवार्ता र राष्ट्रिय 'एजेन्डा'सहितका अन्तर्राष्ट्रिय भ्रमणहरुमा गर्ने गरिन्छ । यसलाई कुनै पनि देशको परराष्ट्रमन्त्रीको कूटनीतिक सक्रियता पनि भनिन्छ । धेरै वैदेशिक भ्रमण र ती भ्रमणका क्रममा आफ्ना राष्ट्रिय हित र चासोका मुद्दाहरुमा वार्तालाप गरी आफ्ना पक्षमा कूटनीतिक कौशलता प्रदर्शन गर्नु नै परराष्ट्रमन्त्रीको क्षमता हो ।

यो कसीबाट परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको सय दिनको मूल्याङ्कन गर्दा उहाँ सफल देखिनुहुन्छ । उहाँले नेपालको परराष्ट्रमन्त्रीका हैसियतले गत भदौ पहिलो साता छिमेकी मुलुक भारतबाट विदेश भ्रमण गर्नुभएको थियो । त्यसलगत्तै उहाँ विश्वका अन्य देशहरुसम्म पुगेर आफ्नो कूटनीतिक क्षमता र योग्यताको राम्रोसँग प्रदर्शन गर्नुभएको छ । उहाँले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा उपस्थितिमार्फत नेपालको कूटनीतिक दायरा विस्तार गर्नाका साथै राष्ट्रिय हित र हाम्रा चासोका मुद्दाहरू प्रमुखताका साथ उठाउँदै आउनुभएको छ ।

मन्त्री डा राणा भदौ २ गते छिमेकी राष्ट्र भारत जानुभयो र नेपाल भारत सम्बन्धका विविध पक्षमा छलफल गरी नेपालका एजेन्डाहरु राख्नुभयो । त्यसपछि क्यानाडामा सम्पन्न विश्वका महिला विदेशमन्त्रीहरुको बैठकमा सहभागी भई विश्वका १५ देशका विदेशमन्त्रीसँग द्विपक्षीय र बहुपक्षीय वार्ता गर्नुभयो । त्यसलगत्तै संयुक्त राष्ट्रसङ्घको महासभाका क्रममा विभिन्न अन्तर ाष्ट्रिय मञ्चहरुमा उपस्थिति जनाउँदै नेपालका एजेन्डा राख्नुभयो भने कतारको दोहामा एसिडीको तेस्रो बैठकमा सहभागी भई नेपालका तर्फबाट सम्बोधन गर्नाका साथै विभिन्न देशका मन्त्रीहरुसँग द्विपक्षीय वार्ता गर्नुभयो । भारतीय विदेशमन्त्री एस.जयशङ्करको निमन्त्रणामा उहाँ भारत जानुभएको थियो । परराष्ट्रमन्त्री नियुक्त भएपछि यो नै उहाँको पहिलो भ्रमण थियो । यो भ्रमण दुई देशबीचको औपचारिक अर्थात् परम्परागत भ्रमणमा मात्र सीमित रहेन, उहाँले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र विदेशमन्त्री एस जयशङ्करसँग नेपालको राष्ट्रिय हित र चासोका एजेण्डासहित वार्ता पनि गर्नुभएको थियो । ती भेटमा नेपाल-भारतबीच विविध विषयमा सहकार्यमा जोड दिइएकाले दुई देशबीचको आपसी सहयोगमा आगामी दिनमा अभिवृद्धि हुने अपेक्षा पनि गरिएको छ ।

उहाँको भारत भ्रमणलाई भारत सरकारले दिएको उच्च प्राथमिकताको त्यस समय निकै चर्चा पनि भएको थियो । प्रधानमन्त्री मोदीसँगको शिष्टाचार भेटवार्तामा आफू र भारतीय प्रधानमन्त्री मोदीले नेपाल-भारत सम्बन्धको बहुआयामिक विविधताका बारेमा छलफल गरेको र यो उच्चस्तरीय भेटवार्ताले दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने अपेक्षा गरिएको पनि मन्त्री डा राणाले बताउनुभएको थियो ।

यस भ्रमणका क्रममा भारतका विदेशमन्त्री एस जयशङ्करले भारतले नेपालबाट एक हजार मेगावाट विद्युत् आयात गर्न लागेकामा खुसी व्यक्त गर्नुभएको थियो । नयाँदिल्लीमा परराष्ट्रमन्त्री डा राणासँग द्विपक्षीय भेटवार्तापछि सोही दिन नै मन्त्री जयशङ्करले भारतले नेपालबाट करिब एक हजार मेगावाट बिजुली आयात गर्ने भएकोमा खुसी लागेको बताउनुभएको थियो । यही भ्रमणकै क्रममा भारतले नेपालका १२ वटा जलविद्युत् परियोजनाबाट थप दुई सय ५१ मेगावाट विद्युत् खरिद गर्ने निर्णय गरेको थियो । अन्तरदेशीय व्यापार हेतु भारतीय प्राधिकरणले नेपालका १२ वटा जलविद्युत् परियोजनाबाट थप दुई सय ५१ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति दिएको थियो । नयाँ निर्णयसँगै भारतले दिएको कुल स्वीकृत परिमाण अब नौ सय ४१ मेगावाट पुगेको छ । नेपालको ऊर्जा कूटनीतिको एक महत्वपूर्ण कडीका रुपमा लिइने यस सहमतिबाट भारतले नेपालसँग १० वर्षमा १० हजार मेगावाट विद्युत् आयातका लागि गरेको सहमतिको सुरुआत पनि भएको थियो ।

मन्त्री डा राणा संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा भाग लिन गएका बेला न्युयोर्कमा विविध कार्यक्रम र अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालको उपस्थिति दर्शाउँदै नेपालको कूटनीतिक दायरा विस्तार गर्ने र आफ्ना धारणाहरु राख्ने अवसरका रुपमा सक्रिय रहनुभयो । महासभाका दौरानमा उहाँले संयुक्त राष्ट्रसङ्घको महासभा र विभिन्न उच्चस्तरीय बैठकहरूमा सक्रिय सहभागिता जनाउँदै नेपालको राष्ट्रिय हित, हाम्रा चासोका मुद्दाहरू र जलवायु परिवर्तनजन्य समस्यामा नेपाल परिरहेको विषयलाई



विश्वका नेताहरु र विश्व मञ्चमा प्रमुखताका साथ उठाउनुभएको थियो ।

महासभाकै क्रममा असंलग्न राष्ट्रहरुको सङ्गठन, नामको मन्त्रिस्तरीय बैठकलाई सम्बोधनका क्रममा नेपाली युवा विपिन जोशीको रिहाइका लागि उहाँले विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो । यसका लागि सहगोग गरिदिन विश्व समुदायसँग उहाँले गरेको आग्रहले त्यहाँ उपस्थित विश्वका नेताहरुको ध्यानाकर्षण भएको थियो । त्यसै क्रममा जी७७ समूह र चीनका अतिरिक्त विश्वका अतिकम विकसित देशहरुको संस्था एलडिसीको अध्यक्षका हैसियतले सो संस्थामा आबद्ध नेताहरुलाई गर्नुभएको सम्बोधनले पनि नेपालको कूटनीतिक क्षमतालाई थप अभिवृद्धि गर्न सहयोग गरेको थियो ।

यी बैठकहरुमा मन्त्री डा राणाले महामारी, जलवायु परिवर्तनका कारण उत्पन्न प्राकृतिक विपत्जन्य विनाश, आर्थिक सङ्कटलगायत समस्या भेल्नुपरिरहेको अवस्थाका साथै नेपाल र नेपालजस्तै तेस्रो विश्वका देशहरुका साझा समस्याहरुको उजागर गरी ती देशलाई आवश्यक आर्थिक सहायताको कुरा राख्दा ती मञ्चहरु आबद्ध देशले उहाँको प्रशंसा गरेका थिए । यी महत्वपूर्ण बैठकहरुमा नेपालको कूटनीतिक सम्बन्धको दायरा विस्तार गर्ने, नेपालको आफ्नो चासो र हितका विषयहरु अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्ने, जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरिरहेका समस्याहरु विश्व समुदायलाई सुनाउने र नेपाललाई आवश्यक सहयोगका लागि अपिल गर्ने काम उहाँले गर्नुभएको थियो ।

त्यसैगरी, नेपालमा शान्ति प्रक्रिया, महिला सशक्तीकरण एवं प्रजनन अधिकारका क्षेत्रमा भएका प्रगतिहरुका बारेमा पनि उहाँले ती फोरमहरुमा जानकारी दिनुभएको थियो । मन्त्री डा राणाले यसपटक अतिकमविकसित मुलुकहरूका तर्फबाट जी२० का विदेशमन्त्रीहरुको बैठकलाई पनि सम्बोधन गर्ने अवसर प्राप्त गर्नुभएको थियो । यी मुलुकहरूलाई सहयोग अभिवृद्धि गर्न प्रमुख अन्तर ाष्ट्रिय सङ्घसंस्थाहरूमा अतिकम विकसित मुलुकको प्रतिनिधित्व बढाउन उहाँले राखेको प्रस्तावको विश्वका नेताहरुले प्रशंसा गरेका थिए ।

त्यसैगरी, नेपालले भूपरिवेष्टित विकासशील देशहरूको मन्त्रिस्तरीय बैठकलाई पनि सम्बोधन गर्ने अवसर प्राप्त गरेको थियो र सो बैठकमा यी देशको विकास चुनौतीहरू सामना गर्न वैदेशिक सहयोग, वैदेशिक लगानी, वैदेशिक व्यापार प्रवर्द्धनसम्बन्धी सहयोग तथा पूर्वाधार विकासमा अन्तर्राष्ट्रिय साझेदारी हुनुपर्ने विषयमा उहाँले दिनुभएको जोडको ती देशका नेताहरुले निकै प्रशंसा गरेका थिए । त्यस क्रममा मन्त्री डा राणाले इन्डोनेसिया र सर्बियाका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गर्दै नेपाल र ती देशबीच कूटनीतिक र विशेष (अफिसियल) राहदानी वाहकलाई भिसा छुट दिनेसम्बन्धी सम्झौतामा हस्ताक्षर पनि गर्नुभएको थियो ।

यसैबीच, नेपाल र अमेरिकाबीच पनि पहिलोपटक दुईपक्षीय परामर्श संयन्त्र (बाइल्याटरल कन्सल्टेटिभ मेकानिजम) स्थापना गर्नेसम्बन्धी समझदारी भएको छ । समझदारीपत्रमा नेपालका तर्फबाट परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र संयुक्तराज्य अमेरिकाका तर्फबाट राजनीतिक मामिलासम्बन्धी अमेरिकी उपविदेशमन्त्री जोन बासले वासिङटन डिसीमा हस्ताक्षर गर्नुभएको हो । यो सम्झौता नेपाल र अमेरिकाबीचको सम्बन्धमा एक मत्वपूर्ण उपलब्धि भएको र यसबाट दुई देशबीच व्यापार, लगानी, पर्यटन, पूर्वाधार निर्माण लगायतका क्षेत्रमा आपसी सहयोग र समन्वयका साथ अघि बढ्न थप मार्ग प्रसस्त गर्ने नेपाल र अमेरिकी पक्षले जनाएका छन् ।

यसअघि मन्त्री डा राणा क्यानाडाको टोरन्टोमा आयोजित विश्वका महिला विदेशमन्त्रीहरुको बैठकमा सहभागी हुनुभएको थियो । विश्वका १५ देशका विदेशमन्त्री सहभागी रहेको सो मञ्च नेपालका लागि पनि एक महत्वपूर्ण कूटनीतिक अवसर थियो । जहाँ उहाँले नेपालको अवस्था, नेपालमा महिला अधिकारको अवस्था र महिला नेतृत्वले भोगेका समस्याहरुका साथै मिथ्या सूचनाले महिलामाथि पारेको प्रभावजस्ता विषयमा नेपालका तर्फबाट धारणा राख्नुभएको थियो । सो मञ्चका क्रममा 'साइडलाइन'मा भएका भेटघाटहरु पनि महत्वपूर्ण रहेका थिए ।

कतारको दोहामा आयोजित एसिडीको तेस्रो सम्मेलनका क्रममा पनि मन्त्री डा राणाले 'साइडलाइन' भेटवार्ता तथा बैठकहरुमा विभिन्न देशका उपप्रधानमन्त्री, विदेशमन्त्री एवम् मन्त्रीहरुसँग नेपालको हितमा कुराकानी गर्नुभयो । सो सम्मेलनमा एसिडी समूहमा आबद्ध एसियाली राष्ट्रहका राष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, विदेशमन्त्री तथा मन्त्रीहरुको सहभागिता रहेको थियो । एकै समयजस्तो परेका टोरन्टो बैठक, राष्ट्रसङ्घीय महासभा र एसिडी बैठकका क्रममा भएका विभिन्न द्विपक्षीय तथा बहुपक्षीय भेटवार्ता र बैठकहरुका साथै ती मञ्चमा नेपालका तर्फबाट राखेका धारणाहरुमा नेपाल स्पष्ट रुपमा सुनिने र देखिनेगरी उपस्थित भएको थियो । यसले नेपालको कूटनीतिक दायराको विस्तार गरी यसको क्षमता विकासमा महत्वपूर्ण सहयोग पुगेको महसुस गरिएको छ ।

लामो समयसम्म परराष्ट्र मन्त्रालयमा सङ्गठनात्मक व्यवस्थापन सर्वेक्षण (ओएनएम) हुन नसक्दा कर्मचारी अभावमा विदेशस्थित नेपाली मिसनहरुमा कामको चाप धान्न नसक्ने अवस्था रहेको गुनासो पहिलेदेखि नै आइरहेको थियो । लाखौँ नेपाली रहेका कतिपय खाडी देशका नेपाली मिसनमा पनि थोरै कर्मचारी रहेकाले पासपोर्ट, कन्सुलरलगायतका सेवा प्राप्त गर्न कठिन भइरहेको अवस्था रहेको छ । त्यस्तै नेपालले पछिल्लो समय आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा लगानी भित्र्याउनका लागि गर्नुपर्ने क्रियालापकहरुलाई जनशक्ति अभावका कारण प्रभावकारी बनाउन सकेको छैन । यी सबै समस्या समाधानका लागि मन्त्री डा राणाको अग्रसरतामा मन्त्रालयको ओएनएमगरी दरबन्दी थप्ने काम पनि यही अवधिमा सम्पन्न भएको छ ।

त्यसैगरी, आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा लगानी भित्र्याउन तथा नेपाली उत्पादनलाई विदेश निर्यात गर्न सकिने प्रयोजनका लागि परराष्ट्रमात्र नभएर सम्बद्ध अर्थ, उद्योग, ऊर्जालगायतका मन्त्रालयहरुसँगको समन्वयमा एक संयन्त्र निर्माण गर्ने विषयमा पनि मन्त्री डा राणाले आवश्यक परामर्श अघि बढाउनुभएको छ । त्यसैगरी, कतिपय नेपालीहरु रहेका देशहरुबाट उनीहरुलाई तत्कालै उद्धार गर्नुपर्ने अवस्था आयो भने पनि यससम्बन्धी एक मापदण्ड निर्माणको काम पनि भएको छ । जस्तो कि केही समयअघि बङ्गलादेशबाट नेपाली विद्यार्थी उद्धार गर्नुपर्ने अवस्था आयो भने मध्यपूर्वी देशहरुमा बढ्दो तनावका कारण त्यहाँ रहेका नेपालीहरुको अवस्थाप्रति मन्त्रालय अद्यावधिक रहेको छ । भोलि यस्तो अवस्था अन्यत्र पनि आउनसक्छ भन्ने मान्यतालाई ध्यानमा राखेर त्यसको पूर्वतयारीस्वरुप एकस्तरीय मापदण्ड निर्माणमा मन्त्रालय जुटेको छ । (पाठक परराष्ट्रमन्त्री डा आरजु राणा देउवाका प्रेस सल्लाहकार हुनुहुन्छ)

# साईबाबाः दक्षिण एसियाको न्यायको लालटिन निभ्यो !

**महेश्वर दाहाल**

जीवनका केही सम्बन्धहरू त्यस्ता हुन्छन्, जहाँ दुरीले बिछोड मात्र ल्याउँदैन, समय र परिस्थिति अनुकूल नहुँदा संवाद हराउँछ । भेटघाटमा बिराम लाग्छ । तथापि ती सम्बन्धहरूले हृदयमा गहिरो छाप छोडेका हुन्छन्, जुन अन्तिमसम्म पनि भुल्न सकिँदैन ।

भारतीय मानवअधिकारवादी नेता एवं वामपन्थी कवि, दिल्ली विश्वविद्यालयका पूर्व प्राध्यापक ५७ वर्षीय जीएन साईबाबाको असामयिक निधनले मलाई त्यही अनुभूत गराएको छ । हैदराबाद घर भएका साईबाबालाई नक्सालवादीको आरोपमा भारतीय प्रशासनले १० वर्ष लामो कठोर जेलाजीवन भोग्न बाध्य बनायो । र, उपचारका क्रममा उहाँको हैदरावादको निम्स अस्पतालमा हालै निधन भयो ।

जन्मँदै शारीरिक असक्तताले गाँजेको साईबाबालाई पछिल्लो समय मिर्गौला, पित्तथैली तथा मुटु सम्बन्धी गम्भीर रोग थियो । जेलमा रहँदा राम्रो उपचार नपाएकै कारण अल्पायुमै उहाँको निधन भयो । साईबाबालाई सन् २०१४मा नक्सलवादीको आरोपमा पक्राउ गरिएको थियो, तर सरकारले न्यायालयमा आरोपहरू प्रमाणित गर्न सकेन ।

जेलबाट रिहा भएपछि साईबाबाले 'आमाको मृत्यु अघि म उहाँलाई अन्तिम पटक भेट्न चाहन्थे तर मलाई त्यसबाट पनि वञ्चित गरियो । म जन्मजात अशक्त भएकाले आमा मलाई अत्यन्तै माया गर्नु हुन्थ्यो ।' आमालाई भेट्न नपाएको पिडालाई उहाँले आफ्नो कवितामा यसरी अभिव्यक्त गर्नु भयो । जब तिमी मलाई भेट्न आयौ

*मैले काँचको झ्यालबाट*
*तिम्रो अनुहार देख्न सकिनँ*
*यदि तिमीले मेरो अशक्त शरीरलाई नियालेर हेरेकी भए*
*म जिउँदै छु भन्ने पक्कै बुझ्थ्यौ*

(मेरा लागि नरुनु आमा !)

साईबाबालाई यस्तो परिस्थितिमा पुर्‍याउन भारतीय सत्ता जिम्मेवार छ । यो प्रणालीले बलात्कारी, हत्यारा र भ्रष्टाचारीलाई जेलबाट मुक्त गर्छ तर न्यायको पक्षमा आवाज उठाउनेलाई यातनाको शिकार बनाउँछ । साईबाबा सन् २००३ देखि दिल्ली विश्वविद्यालयको रामलाल आनन्द कलेजमा अङ्ग्रेजीका प्राध्यापकका रूपमा आबद्ध हुनुहुन्थ्यो । सन् २०१४ मा माओवादीको आरोपमा प्रहरीले पक्राउ गरेपछि कलेजले उहाँलाई निलम्बन गरी निकाली दियो ।

एक समयका मेरा घनिष्ठ मित्र साईबाबासँगको भेटघाट समय क्रममा बन्द भयो र समय-समयमा भई रहने संवाद पनि निरन्तर हुन पाएन । तर, जीवनमा भेटिएका कतिपय मानिस जति नै टाढा हुँदा पनि उनलाई भुल्न नसकिने रहेछ । त्यसैले भौगोलिक रूपमा टाढा हुँदा पनि हामीबिचको आत्मीयता सदैव जीवित रह्यो । विचार, दर्शन र मानवताप्रति उहाँको अटल विश्वासले मलाई मात्र होइन, हजारौँलाई प्रेरित गरिरहेको थियो र भावी दिनहरूमा पनि लाखौँ मानिसलाई प्रेरित गरिरहनेछ । वास्तवमै साईबाबाको व्यक्तित्व सामान्य थिएन । उहाँसँगको छलफलका क्रममा उहाँसँग कयौँ नयाँ कुरा सिकिरहेको हुन्थे म ।

उहाँमा उच्च स्तरको वैचारिक स्पष्टता थियो । शारीरिक कठिनाइका बिच दिल्ली विश्वविद्यालयसम्म पुग्न उहाँले गर्नु भएको सङ्घर्ष अद्वितीय छ । साईबाबाको मृत्युसँगै भारतमा बौद्धिकताको एक युगको अन्त्य भएको छ । भारतमा सत्तासीन दक्षिणपन्थी हिन्दुवादीहरुका कारण डा. एम एम कलबुर्गी, नरेन्द्र दाभोलकर, गोविन्द पानसारे तथा पत्रकार गौरी लंकेश जस्ता बौद्धिकहरूको हत्या भई नै सकेको छ । अरू कयौँ जेलमा बन्द छन् ।

नेपालमा जनयुद्ध चर्कँदै जाँदा त्यसका बाछिटा छिमेकी देश भारतमा पनि पर्न गयो । त्यहाँ नेपालका परिवर्तन समर्थकहरूमाथि दमन सुरु भयो । खास गरी, श्रमिकहरूलाई संगठित गर्ने, माओवादी विचारधारासँग नजिक रहेर जनताको आवाज उठाउनेहरूलाई भारतको निगरानीतन्त्रले अलिक बढी निगरानी गर्न थाल्यो । अखिल भारतीय नेपाली एकता समाज जस्ता संगठनहरू भारतमा प्रतिबन्धित भए ।

विशेषगरी लेखक तथा पत्रकारमाथि समेत आक्रमण र दमनको खतरा थप बढ्दै गई रहेको थियो । पत्रकार कृष्ण सेन 'इच्छुक' को हत्या गरिएको थियो । सेनको हत्यापछि राम कार्की, सुरेश आले मगर र म बसेर नेपालमा भई रहेको मानवअधिकारको हनन विरुद्ध सबैसम्म सूचना पुर्‍याउन तथा अन्तर्राष्ट्रिय स्तरमा त्यसमाथि उठी रहेका आवाजहरूलाई सङ्कलन गर्न दिल्ली जाने योजना बनायौँ । साईबाबा त्यति बेला दिल्लीमै सक्रिय हुनुहुन्थ्यो ।

दिल्ली पुगेर हामीले पत्रकार आनन्दस्वरूप वर्मा, सामाजिक तथा मानवअधिकारवादी नेता गौतम नवलखा, प्रध्यापक साईबाबासहित २० जना स्थापित बौद्धिक, लेखक, पत्रकारलाई भेट्दै थियौँ कि अचानक एकदिन भारतीय प्रहरीले हामीलाई गिरफ्तार गर्‍यो । पक्राउ पर्नेमा राम कार्की, कवि निभा शाह, एकता समाजका मोती रिजाल र म थिए । हामीलाई एकदिन हिरासतमा राखेर भोलि पल्ट नेपाल सुपुर्दगी गरियो । त्यसपछि नेपालको परिवर्तनको आन्दोलनले निकै ठुलो धर्षणबिच आफ्नो यात्रा तय गरिरहेको थियो । हामी त्यसै लयमा रुमल्लियौँ र त्यसपछि साईबाबासँगको भेटघाटमा विराम लाग्यो ।

वास्तवमा जीवनले कहिलेकाहीँ अनपेक्षित कोलाजहरू निर्माण गर्ने रहेछ । विचार र अनुभवहरू अदृश्य तर बलियो धागोले बाँधिने रहेछ । त्यस्तै एउटा क्षण मेरो जीवनमा पनि आयो, जब मैले जीएन साईबाबालाई भेटेको थिएँ । उहाँको जीवन सङ्घर्ष र विद्रोही चेतनाले सधैँ मलाई आकर्षित गरिरहेको हुन्थ्यो । उहाँलाई भेट्दा जनताको पक्षमा अविचलित रूपमा किन लाग्नु पर्छ भनेर झनै ऊर्जा प्राप्त हुन्थ्यो । दिल्लीमा साईबाबासँगको घनिष्ठता र निकटता कतिसम्म थियो भने उहाँको घरलाई मैले कहिल्यै अरूको घर ठानिन । उहाँको डेरामा पुग्नासाथ मैले आत्मीयता, वैचारिकता र स्नेह एकै ठाउँमा पाउँथेँ । वैचारिक रूपमा उहाँ जति कठोर हुनुहुन्थ्यो व्यवहारमा उहाँ त्यति सरल र विनम्र हुनुहुन्थ्यो ।

साईबाबामा म कृष्ण सेन 'इच्छुक' को झझल्को पाउँथे । नेपालका महान् पत्रकार, कवि र विद्रोही चिन्तक इच्छुकले आफ्नो लेखनीमार्फत दमनको प्रतिवाद गर्दै जनताको आवाजलाई मुखरित गरिरहनु भएको थियो । उहाँ दमन र उत्पीडनको विरुद्ध निरङ्कुश पञ्चायती व्यवस्थादेखि नै उभिनु भएको थियो । त्यस्तै साईबाबा पनि भारतीय सत्ताले आदिवासी क्षेत्रहरुमा लादेको दमन र हत्याकाण्ड विरुद्ध उभिनु भएको थियो । राज्यसत्ताको दमन विरुद्ध लड्न दुबैले कलमलाई आफ्नो सशक्त हतियार बनाउनु भएको थियो ।

इच्छुकको जीवन र संघर्षले जस्तै, साईबाबाको जीवनले पनि मलाई सधैँ प्रेरित गरिरह्यो । उहाँ दुबैमा समान वैचारिक स्तर थियो । त्यसैले इच्छुकको हत्याको खबरले मलाई जति स्तब्ध बनायो, ठ्याक्कै त्यति नै साईबाबाको अस्वाभाविक निधनको समाचारले मलाई स्तब्ध बनाई दियो । जनताको पक्षमा आवाज उठाई रहने जनपक्षीयताको रातो लालटिनलाई भारतीय सत्ताले सधैँका लागि निभाई दियो । साईबाबा दक्षिण एसियाको परिवर्तन र न्यायको आन्दोलनको एउटा सशक्त विम्ब थिए । सत्ताले साईबाबाको जीवनको दियोलाई निभाए पनि उनको वैचारिकताको बिउँबाट भारतसहित दक्षिण एसियामा लाखौँ साईबाबा अङ्कुरित हुने निश्चित छ ।

त्यसैले म आफ्नो यात्रा र संघर्षमा उहाँहरूको वैचारिक दृढतालाई स्मरण गरिरहन चाहन्छु । नेपालको परिवर्तनको आन्दोलनलाई सहयोग गर्ने तथा संसारभरका उत्पीडितहरूको आवाज मुखरित गर्ने कयौँ जिउँदा आवाजहरू अझै भारतीय जेलमा थुनिएका छन् । साईबाबालाई स्मरण गर्ने क्रममा म ती सम्पूर्ण न्यायका पक्षमा उभिनु भएका अग्रजहरू, साथीहरूलाई ऐक्यबद्धतासहित सम्झन चाहन्छु ।

'मलाई आशा छ- तपाईँहरू कसैमा मप्रति दया जाग्ने छैन । मलाई दयाको खाँचो छैन, म त ऐक्यबद्धता चाहन्छु ।' भन्ने साईबाबाको कथनलाई स्मरण गर्दै म तपाईंहरुप्रति नेपालबाट ऐक्यबद्धता जनाउन चाहन्छु । तपाईंहरुको दुःखमा हामी सबै साथ छौं भन्न चाहन्छु ।अँध्यारो कालरात्रि सकिनेछ र उज्यालोमा तपाईं-हामीसँगै, फेरी जनताका आवाज बोकेर एकै ठाउँमा हुनेछौं ।अन्तिममा म साईबाबाको परिवारसमक्ष उच्च सम्मानसहित दुःख व्यक्त गर्दै, साईबाबाप्रति हार्दिक श्रद्धाञ्जली र लाल सलाम अर्पण गर्न चाहन्छु ।

# सुनकोशीको बेलिब्रिज सञ्चालनमा, मन्त्री दाहालद्वारा जडानमा खटिने जनशक्तिलाई सम्मान



काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सिन्धुली र रामेछाप जोड्ने सुनकोशी नदीमा बेलिब्रिज जडानमा खटिएका प्राविधिक एवं नेपाली सेनाका जवानलाई सम्मान गर्नुभएको छ ।

गत असोज १२ को बाढीले सिन्धुली र रामेछाप जोड्ने पक्की पुल बगाएपछि सोही स्थानमा द्रुतगतिमा बेलिब्रिज जडान गरी सञ्चालनमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सडक, पुलसम्बद्ध प्राविधिक तथा नेपाली सेनालाई एक समारोहबीच मन्त्री दाहालले सम्मान गर्नुभएको हो ।

मंगलबार बिपी राजमार्गअन्तर्गत सिन्धुली एवं रामेछापको सडक अनुगमन गर्दै पुल निरीक्षणका क्रममा खुर्कोट पुग्नुभएका यातायातमन्त्री दाहालले विपत्तिका कारण अवरुद्ध भएको यातायात सञ्चालनका लागि खटिने सबै पक्ष धन्यवादको हकदार रहेको बताउनुभयो ।सो अवसरमा सडक विभागका महानिर्देशक रामहरि पोखरेल, सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौँका प्रमुख शुभराज न्यौपाने, पुल महाशाखा प्रमुख लीलजन खनालसहित टोलीको उपस्थिति थियो ।

बाढीले रामेछापतर्फको ५१ मिटर पक्की पुल बगाएपछि आवागमन पूर्णरुपमा अवरुद्ध भएकामा आजदेखि यातायात सञ्चालनमा आएको नेपाली सेनाले जनाएको छ । बेलिब्रिज सञ्चालनमा आएसँगै गाडीको भारबहन क्षमता परीक्षण गरी यात्रुवाहक सवारी साधन सञ्चालन गर्ने व्यवस्था मिलाइएको बताइयो ।सम्मान कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङसहित स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका नेताहरु, सरकारी अधिकारीसहित स्थानीय जनताको उपस्थिति थियो ।रासस

# समावेशी बीमासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सुरु

काठमाण्डु । समावेशी बीमासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन मंगलबार सुरु भएको छ । नेपाल बीमा प्राधिकरण, नेपाल बीमक सङ्घ, जीवन बीमक सङ्घ र नेपाल माइक्रोइन्सुरेन्स एसोसिएसनद्वारा म्युनिख री फाउन्डेसन तथा माइक्रोइन्सुरेन्स नेटवर्कसँगको सहकार्यमा सम्मेलन आयोजना भएको हो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिल्वालका अनुसार कात्तिक ९ गतेसम्म सञ्चालन हुने सम्मेलनमा न्यून आय भएका तथा जोखिममा रहेका परिवार तथा लघु, साना र मझौला उद्योगलाई केन्द्रित गरी समावेशी बीमालाई परिस्कृत गर्नेलगायत विषयमा छलफल हुनेछ ।

यसैगरी, जलवायु जोखिम बीमा, लघुबीमामा 'डिजिटल' प्रविधि अवलम्बन र समावेशी बीमा क्षेत्रका अवरोध हटाउनेसम्बन्धी रणनीति तयार गर्नेलगायत विषयमा पनि छलफल केन्द्रित हुने जानकारी उहाँले दिनुभयो । सम्मेलनमा नेपालसहित ४४ देशका बीमा क्षेत्रका नियामक निकाय, विकास साझेदार, गैरसरकारी संस्था र बीमा क्षेत्रका विज्ञहरु गरी चार सयभन्दा बढीको सहभागिता छ ।रासस

### सरकारको एकसय दिनः

# विद्युत् बिक्री सम्झौतादेखि निर्माणाधीन आयोजनालाई गति दिने प्रयास

**ऊर्जा क्षेत्रलाई विशेषगरी आर्थिक समृद्धिको प्रमुख आधारमा रुपमा राखेर सरकारले आफ्ना गतिविधिलाई अगाडि बढाएको छ । वर्तमान सरकार गठन भएको एकसय दिन पूरा भएको सन्दर्भमा मुलुकको ऊर्जा क्षेत्रमा देखिने गरी केही सकारात्मक प्रयास भएका छन् ।**

काठमाण्डु । देशभित्र उत्पादित बिजुली तेस्रो मुलुक पुऱ्याउने रणनीतिक महत्वको सम्झौतादेखि निर्माणाधीन आयोजनालाई गति दिनेलगायत महत्वपूर्ण काम सरकारको एकसय दिनमा भएका छन् । ऊर्जा क्षेत्रलाई विशेषगरी आर्थिक समृद्धिको प्रमुख आधारमा रुपमा राखेर सरकारले आफ्ना गतिविधिलाई अगाडि बढाएको छ । वर्तमान सरकार गठन भएको एकसय दिन पूरा भएको सन्दर्भमा मुलुकको ऊर्जा क्षेत्रमा देखिने गरी केही सकारात्मक प्रयास भएका छन् ।

गत असोज ११ र १२ गतेको अविरल वर्षापछि आएको बाढी पहिरोका कारण क्षति भएका आयोजनाको पुनः निर्माणलाई पनि उत्तिकै महत्व दिइएको छ । विपद्का कारण सरकारी र निजी क्षेत्रका गरी तीन दर्जन बढी आयोजनामा क्षति पुगेको थियो । सरकारले मुलुकको सबैभन्दा ठूलो जलविद्युत् उत्पादन केन्द्रका रुपमा परिचित माथिल्लो तामाकोशीको पुनः निर्माणलाई पनि प्रमुख प्राथमिकतामा राखेको छ । कूल चार सय ५६ मेगावाट क्षमताको सो आयोजना गत महिनाको बाढी र पहिरोका कारण क्षतिग्रस्त भएको छ ।

उक्त आयोजना स्थलमा पुगेर ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालगायतको उच्च पदस्थ टोलीले स्थलगत निरीक्षण गर्दै शिघ्र पुनः सञ्चालन गर्ने घोषणा गरेको छ । सो आयोजनाको बिजुली उत्पादन बन्द हुँदा राष्ट्रिय प्रणालीमा समस्या पैदा भएको छ । आन्तरिक बिजुली व्यवस्थापनका लागि पनि आयोजना महत्वपूर्ण कडीका रुपमा स्थापित भएको छ ।

यस्तै, लामो समयदेखि स्थानीयवासीको मागका कारण अगाडि बढ्न नसकेको सिन्धुपाल्चोकमा अवस्थित मध्यभोटेकोशीको पनि समस्या समाधान भएको छ । सो आयोजनालाई सम्पन्न गराउन पनि मन्त्रालयले विशेष चासोका साथ पहल गरेको थियो । आयोजना सम्पन्न भएर पनि प्रसारण लाइनको अभावमा बिजुली उत्पादन हुन सकेको थिएन् । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीले निर्माण गरेको सो आयोजनाको प्रसारण लाइन निर्माणमा भएको व्यवधान पनि यसैबीचमा भएको छ । यस्तै, चिलिमे त्रिशुली प्रसारण लाइन तथा सवस्टेशन निर्माणको कामलाई पनि गति दिइएको छ ।

यसबीचमा नेपाल र बङ्गलादेशबीच ४० मेगावाट बिजुली बिक्रीसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, बङ्गलादेशको बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डका अध्यक्ष मोहमद रिजाउल करिम र भारतको 'नोडल एजेन्सी' एनभिभिएनका प्रमुख कार्यकारी अधिकृत रेणु नाराङले गत असोज १७ गते हस्ताक्षर गर्नुभएको थियो । सो सम्झौतापछि नेपालको बिजुली भारतपछि अर्को छिमेकी मुलुकमा पुग्ने सुनिश्चित भएको हो ।

सम्झौता अनुसार प्राधिकरणले भारतीय एजेन्सी



एनभिभिएनलाई बिजुली उपलब्ध गराउनेछ । सो कम्पनीले भारतीय संरचना प्रयोग गरेर बिजुली बङ्गलादेश पुऱ्याउनेछ । नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय प्रसारण लाइन हुँदै विद्युत् निर्यात गर्न लागिएको हो ।

कूल चार सय केभी क्षमताको सो प्रसारण लाइनमार्फत पठाइएको बिजुलीको हिसाब मुजफ्फरपुरमा राखिनेछ । मुजफ्फरपुरबाट भारतको प्रसारण लाइनमार्फत (बेहरामपुर- भेडामारा चार सय केभी) बिजुली बङ्गलादेश पुग्नेछ । प्राधिकरणले २५ मेगावाट क्षमताको त्रिशूली र २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजनाको बिजुली बङ्गलादेश निर्यात गर्ने तयारी गरेको छ । ती दुवै आयोजनाको बिजुली भारत निर्यातका लागि स्वीकृति पाइसकेकाले पनि सहज हुने जनाइएको छ । केही दिनभित्र विद्युत् निर्यात समेत सुरु हुने प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले वर्षायामको पाँच महिना (जुन १५ देखि १५ नोभेम्बरसम्म) बङ्गलादेशलाई बिजुली निर्यात गर्नेछ । पूर्ववत् समझदारी अनुसार पाँच महिनामा एक लाख ४४ हजार मेगावाट घण्टा बिजुली निर्यात हुनेछ । प्राधिकरणले पाँच वर्षसम्म वर्षायामका छ महिना ४० मेगावाट बिजुली बिक्री गरिने जनाएको छ । लामो गृहकार्य र छलफलपछि अन्ततः नेपालको बिजुली बङ्गलादेश जाने सम्झौतामा हस्ताक्षर भएको हो । 'टोकन' का रुपमा भएपनि नेपालको बिजुली बङ्गलादेश पुग्नु ऊर्जा क्षेत्रका लागि महत्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ ।

यस्तै, दुई देशबीच सुनकोशी तेस्रो जलविद्युत् आयोजना (नेपाल, बङ्गलादेश र भारतबीच) सहकार्यपूर्ण सहभागिताका आधारमा विकास गर्ने र सो आयोजना विकास गर्ने सम्बन्धमा प्राधिकरण र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गर्नेसम्बन्धी संयुक्त उपक्रम सम्झौता आगामी सचिवस्तरीय संयन्त्रको बैठक अगावै टुङ्गो लगाउने सहमति भएको छ । नेपाल र बङ्गलादेशबीच विद्युत् व्यापारका लागि प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनको प्राविधिक र आर्थिक पक्षको अध्ययन हुने भएको छ । नेपालको जलविद्युत् क्षेत्रमा लगानी प्रवर्द्धनका लागि बङ्गलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक पहल गरिनेछ । त्यस्तै नेपाल, बङ्गलादेश र भारतबीच विद्युत् व्यापार, अन्तरदेशीय प्रसारण लाइन निर्माणलगायत विद्युत् क्षेत्रमा सहकार्यका लागि द्विपक्षीय बैठकमा त्रिपक्षीय संयन्त्र बनाउन आ-आफ्नोतर्फबाट पहल गरिनेछ ।

साङ्केतिक रूपमा भए पनि बङ्गलादेशमा बिजुली बिक्री हुनु नेपालको सफलताका रुपमा लिइएको छ । भारतपछि उपक्षेत्रीय रूपमा नेपालको बिजुली अन्यत्र पुग्नु आफैँमा महत्वपूर्ण हुने सरकारको बुझाइ छ । बङ्गलादेशले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ । नेपाल र भारतबीच पनि १० वर्षमा १० हजार बिजुली निर्यात गर्नेसम्बन्धी दीर्घकालीन सम्झौता भइसकेको छ । दुई देशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी द्विपक्षीय समझदारीमा २०७५ सालमा नै हस्ताक्षर भइसकेको छ । सम्झौता अनुसार प्राधिकरणले वर्षायाममा बिजुली बिक्री गरेर रु एक अर्ब २३ करोड बराबर आम्दानी हुने प्रक्षेपण गरेको छ ।

त्यस्तै यसबीचमा सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट बराबरको ऊर्जा उत्पादनका लागि तयार पारिएको ऊर्जा विकास मार्गचित्रलाई गति दिने प्रयास थालिएको छ । त्यसका लागि सरकारले निजी क्षेत्र र अन्य दातृ निकायसँग पनि छलफललाई तीव्र पारेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरोकार भएका निकायको बैठक राखेर ऊर्जा क्षेत्रको विकासका लागि ठोस कार्ययोजनासहित अगाडि बढ्न निर्देशन दिनुभएको छ । प्रधानमन्त्रीको निर्देशन लगत्तै ऊर्जामन्त्रालयले पनि आवश्यक गृहकार्य गरिरहेको छ । ठूला आयोजना निर्माणलाई गति दिने, निर्माणमा रहेका आयोजना सम्पन्न गर्ने कामलाई पनि प्राथमिकतामा राखिएको छ । बाढी पहिरो प्रभावित आयोजनाको पुनः निर्माण एवम् सञ्चालनमा तदारुकता दिइएको छ ।

यसैबीचमा रसुवाको गोसाइकुण्ड र सुस्तामा समेत केन्द्रीय प्रणालीको बिजुली लाइन पुगेको छ । मुलुकको झण्डै ९९ प्रतिशत घरधुरीमा बिजुली पुगेको छ । बाँकी रहेको स्थान तथा क्षेत्रमा पनि बिजुली पुऱ्याउन प्राधिकरण सक्रियताका साथ लागिपरेको छ । बक्यौता उठाउने, चुहावट नियन्त्रण गर्ने कामलाई तीव्र पारेको प्राधिकरण गुणस्तरीय बिजुली उपलब्ध गराउनका लागि सरकारको निर्देशन बमोजिम लागिपरेको छ ।

लामो समयदेखि विवादको घेरामा परेको 'डेडिकेटेड' र 'ट्रङ्क' लाइनको महसुलसम्बन्धी विवाद समाधानका लागि पनि मन्त्रालयले उत्तिकै गम्भीरताका साथ प्रयास गरिरहेको छ । चालु आर्थिक वर्ष दुई महिनामा मात्रै रु सात अर्ब ५४ करोड ६१ लाख बराबरको विद्युत् भारततर्फ निर्यात भएको छ । प्राधिकरणले गत साउन र भदौमा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको एक अर्ब दुई करोड ९२ लाख युनिट विद्युत् भारततर्फ निर्यात गरेको हो । प्राधिकरणले गत साउनमा रु तीन अर्ब ९९ करोड ५६ लाख बराबरको विद्युत् निर्यात गरेको छ भने भदौमा रु तीन अर्ब ५५ करोड पाँच लाखको विद्युत् निर्यात गरेको जनाएको छ ।

गत साउनमा ४९ करोड २८ लाख ६१ हजार युनिट भारतर्फ निर्यात गरिएको थियो । गत भदौमा ५३ करोड ६२ लाख ९४ हजार युनिट विद्युत् निर्यात गरिएको छ । दुई महिनाको विद्युत् निर्यातको औसत दर प्रतियुनिट सात रुपैयाँ ३३ पैसा रहेको छ । गत साउनको प्रतियुनिट औसत दर आठ रुपैयाँ ११ पैसा थियो भने भदौमा छ रुपैयाँ ६२ पैसा रहेको छ ।

गत भदौको तेस्रो साता (१६-२३ गते) मा सबैभन्दा बढी रु ९९ करोड ५५ लाखको विद्युत् निर्यात भएको छ । सबैभन्दा कम भदौको दोस्रो हप्ता (९-१५ गते)मा रु ६९ करोड आठ लाख बराबरको विद्युत् निर्यात गरिएको छ । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने गरेको छ । त्यसैले चालू आवको दुई महिनामा चार अर्ब ७१ करोड ६३ लाख भारु बराबरको विद्युत् बिक्री भएको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बाढीपहिरोका कारण सञ्चालनमा रहेका जलविद्युत केन्द्रहरु र प्रसारण लाइनमा क्षतिपुग्दा हाल विद्युत् निर्यात प्रभावित भइरहेको जानकारी दिनुभयो । वर्तमान सरकार गठन भएपछि ऊर्जा मन्त्रालयको नेतृत्व सम्हाल्नु भएका मन्त्री खड्काले विभिन्न देशका राजदूतका अलावा, बहुपक्षीय दातृ निकायका प्रतिनिधिसँग निरन्तर छलफल गरी नेपालको ऊर्जा क्षेत्रमा लगानीका लागि आग्रह गर्नुभएको छ । यसबाट क्रमशः ऊर्जा क्षेत्रको विकासका सकारात्मक वातावरण बन्दै गएको छ ।रासस

### वन तथा वातावरण मन्त्रालयको सय दिन :

# द्रुतमार्ग निर्माणमा वन क्षेत्रका अवरोध हटाइयो

काठमाण्डु । वर्तमान सरकार गठन भएको आज एक सय दिन पुगेको छ । यस अवधिमा सरकारले गरेका विभिन्न उपलब्धिसँगै वन तथा वातावरण मन्त्रालयले गरेको उपलब्धि सार्वजनिक गरेको छ । वन तथा वातावरण मन्त्रीको रुपमा ऐनबहादुर शाही ठकुरी आउनुभएपछि मन्त्रालयमा रोकिएका काम अघि बढेको र लामो समयदेखि हुन नसकेका निर्णय भएको मन्त्रालयले जनाएको छ ।

यस अवधिमा मन्त्रालयले काठमाडौँबाट तराई/मधेस प्रदेश जोडने द्रुत निर्माणमा देखिएका कानुनी अवरोध समाधान गर्ने प्रक्रियालाई महत्वका साथ अघि बढाएको छ । मन्त्रालयले चालु आर्थिक वर्षको असोज मसान्तसम्म ११ विकास आयोजनालाई राष्ट्रिय वन क्षेत्रको एक सय ३० हेक्टर जग्गा प्रयोग गर्न स्वीकृती प्रदान गरेको छ ।

नेपाली सेनाको व्यवस्थापनमा निर्माण हुने उक्त सडक आयोजनाको दुरी ७० दशमलव ७७ किलोमिटर रहेको छ । यस सडकको कुल लागत रु एक खर्ब १२ अर्ब हुने अनुमान छ । उक्त सडक २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सो सडक काठमाडौँको खोकनादेखि सुरु भई बाराको निजगढ जोडिन्छ । यस सडकको दुरी पार गर्न सामान्यतया एक घण्टा समय लाग्ने बताइएको छ ।

**कोप २९ को तयारी तीव्र**

वन मन्त्रालयले यस अवधिमा जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२९) को पूर्व तयारी गरेको छ । अन्य अन्तर्राष्ट्रिय सम्मेलनमा प्रभावकारी रुपमा सहभागिता जनाएको मन्त्रालयलको उपलब्धि विवरणमा उल्लेख छ । मन्त्रालयले यही कात्तिक ३ र ४ गते मुगुको रारा ताल क्षेत्रमा कोप २९ सम्मेलनको तयारी सम्बन्धमा दुई दिने राष्ट्रिय कार्यशाला सम्पन्न गरेको छ ।




साथै कोप २९ को तयारी विभिन्न विषयका विज्ञ सम्मिलित उपसमिति गठन गरी प्रतिवेदन तयारी भइरहेको मन्त्रालयले जनाएको छ ।

यसैगरी ठूला आयोजनाका फाइल स्वीकृति गर्नुका साथै विभिन्न नीतिगत सुधार र परिमार्जनको सुरुवात गरेको छ । नीतिगत र संरचनात्मक सुधारको पहल कदमी अघि बढाएको छ । यस अवधिमा मन्त्रालयले दोधारा चाँदनी सुख्खा बन्दरगाह एकीकृत जाँच चौकी निर्माणका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको राष्ट्रिय वनको ४२ दशमलव ३६ हेक्टर जग्गामा रहेका रुख बिरुवा हटाउन स्वीकृति प्रदान गरेको छ । तीन वर्ष १० महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको यस परियोजनाको पहिलो चरणको लागत रु छ अर्ब १८ करोड रहेको छ ।

मन्त्रालयले सुदूरपश्चिम र कर्णाली प्रदेशको उच्च हिमाली जिल्लाका माथिल्लो वन क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी यार्सागुम्बा व्यवस्थापन सङ्कलन तथा ओसार पसार निर्देशिका २०८० को मस्यौदालाई परिमाजन गर्ने निर्णय गरेको छ । त्यस्तै संयुक्त राष्ट्रसङ्घीय जलवायु परिर्वतनसम्बन्धी पक्ष राष्ट्रहरुको सम्मेलनलगायत कार्यक्रमका लागि अन्तर्राष्ट्रिय वार्ता गठन गर्ने अवधारणा पत्र स्वीकृत गरिएको छ । त्यसैगरी बुटवल उपमहानगर पालिकाद्वारा प्रस्तावित उजिरसिंह रङ्गशाला निर्माणका निम्ति राष्ट्रिय वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्न र उक्त क्षेत्रभित्र पर्ने रुख कटान गर्न स्वीकृति दिइएको छ । सब वन डिभिजन कार्यालय बराहताल र बेतन कर्णालीको भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय गरिएको छ ।

यस अवधिमा नवलपरासीको देवचुलीमा ट्रमा सेन्टरका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने र सो जग्गामा पर्ने रुख हटाउनेसमेत निर्णय गरिएको छ । विनयी त्रिवेणी गाउँपालिका, भुम्लु गाउँपालि र जमिरकोट गाउँपालिकाको प्रशासकीय भवन बनाउन वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने निर्णय भएको मन्त्रालयले जनाएको छ । लखरपाटा खम्बागाडे मुरमुरी जामु सुनगाभा सडक निर्माण गर्न १० दशमवल १७३ किमी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने र सो जग्गाभित्रका रुख विद्युत्का पोल हटाउन दिनेसमेत निर्णय गरिएको मन्त्रालयको विवरणमा उल्लेख छ ।

त्यस्तै सूर्य होल्डिङ प्रालिले प्रस्ताव गरेको माथिल्लो मेवा खोला 'ए' जलविद्युत् आयोजना निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गरिएको छ ।संरक्षण व्यवस्थापन चौथो संशोधन नियमावली २०८१, दिगो वन व्यवस्थापनका लागि राष्ट्रिय मापदण्ड २०८१, चुरे उत्थानशील आयोजनासम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तथा प्रदेशहरुबाट सञ्चालन गरिने सशर्त अनुदानका कार्यक्रमको कार्यान्वयन कार्यविधि पनि स्वीकृति गरिएको छ । स~ुवासभा जलविद्युत् आयोजना ४१ दशमलव ६ मेगावाटको म्याद थप गर्ने निर्णय सदर गरिएको छ । त्यस्तै कालीगण्डकी गर्ज जलविद्युत् आयोजना एक सय ८० मेगावाटको पुरक वातावरणीय अध्ययन मूल्याङ्कन र माथिल्लो खुदी जलविद्युत् आयोजना २६ मेगावाटको परिमार्जित वातावरण व्यवस्थापन योजना गर्न दिने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले ललितपुर जावलाखेलस्थित सदर चिडियाखानाको व्यवस्थापनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिने निर्णय गरेको छ । ठूलो खोला जलविद्युत् आयोजना दुई सय २० केभी विद्युत् प्रशारण लाइन आयोजना निर्माणका लागि राष्ट्रिय वनको प्रयोग गर्न दिने स्वीकृति दिएको छ ।

बकान खोला जलविद्युत् आयोजना ४४ मेगावाटको वातावरणीय अध्ययनका लागि अनुमति दिइएको छ । पिपलटार देउराली सडक २० दशमलव ८७ किमी निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने स्वीकृती दिइएको छ । त्यसैगरी नेपाल जलवायु नमुना कार्यक्रम सञ्चालन कार्यविधि २०८१ पनि स्वीकृति गरिएको सय दिने उपलब्धि विवरणमा उल्लेख छ ।

मन्त्रालयले यस अवधिमा दिगो वन व्यवस्थापन मापदण्ड स्वीकृत गरेको छ । बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको छ । रातो बाँदरको हकमा प्रतिवेदन तयार गरी घोषणाको तयारी गरिएको छ । विश्व बैंकबाट कार्बन व्यापारबाट प्राप्त हुने पहिलो किस्ताको रकम रु एक अर्ब ६० करोड स्थानीयस्तरमा परिचानलका लागि बाँडफाट भएको पत्र रेड कार्यान्वयन केन्द्रमा प्राप्त भएको छ । 'मन्ट्रियल प्रोटोकल' अन्तर्गतको किगाली संशोधन अनुमोदन प्रस्ताव तयारी गरिएको र सामुदायिक वन मार्गदर्शक तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय बाँस तथा बेत विकास रणनीति र बाह्य मिचाहा प्रजाति नियन्त्रण रणनीति तयार गरिएको छ भने यस अवधिमा वन विकास कोषमा रु छ करोड ५९ लाख ११ हजार दुई सय चार जम्मा भएको मन्त्रालयले जनाएको छ ।रासस

# विचाराधीन विधेयक पेस गर्न सभामुखको निर्देशन



काठमाण्डु । सभामुख देवराजघिमिरेलेसंसदीयसमितिहरुमा विचाराधीन रहेका विधेयकलाई आगामीअधिवेशनमापेसगर्ननिर्देशन दिनुभएको छ । सिहंदरबारस्थित सभामुखको कार्यकक्षमा मंगलबार बसेको संसदीय समितिका सभापति र प्रमुख दलका प्रमुख सचेतक तथा सचेतकसँगको बैठकमा उहाँले सो निर्देशन दिनुभएको हो ।

बैठकमा सभामुख घिमिरेले 'कुन समितिमा कति विधेयक छन् ? त्यसलाई पास गर्न कति समय लाग्छ' भनेर चासो देखाउनुभएको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले जानकारी दिनुभयो ।बैठकमा समिति सभापतिहरुले संसद् अधिवेशन अन्त्य भएसँगै बैठक बस्न नसकेको जानकारी सभामुखलाई दिनुभएको थियो । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति खानले भन्नुभयो, "हामी समितिका सभापतिहरु अधिकांश सांसद गृह जिल्ला गएकाले बैठक बस्न कोरमसमेत नपुगेको कुरा सभामुखसँग राख्यौँ ।"

सभामुख घिमिरेले आज बिहान ११:३० बजे दफावार छलफलका लागि विधेयक रहेका समितिका सभापतिहरू र प्रमुख दलका प्रमुख सचेतकसँग छलफल गर्नुभएको हो । संसद्को आगामी अधिवेशनमा बिजनेसको अभाव हुन नदिन सभामुखले सभापतिहरूलाई बोलाउनुभएको हो ।

बैठकमा एमालेका मुख्य सचेतक महेश कुमाल बर्तौला, कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरे, माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीलाई बोलाइएको थियो । एमालेका मुख्य सचेतक बर्तौलाले सभामुखले विशेषगरी संसदीय समितिको बैठक राख्नका लागि निर्देशन दिनुभएको जानकारी दिनुभयो ।रासस

# क्यानडामा सिख व्यापारीको हत्या गरेको स्वीकार गर्ने दुई जनाबीच अदालतमै मुक्कामुक्की

बीबीसी

काठमाण्डु । सन् १९८५ मा एअर इन्डियाको विमानमा भएको बम विस्फोटनको मुद्दामा निर्दोष साबित भएका एक व्यक्तिलाई गोली प्रहार गर्ने दुई व्यक्तिले क्यानडाको एउटा अदालतमा आफू दोषी भएको स्वीकार गरेका छन्।



ट्यानर फक्स र होजे लोपेजले सिख व्यापारी रिपुदमन सिंह मलिकको सन् २०२२ मा हत्या गरेको अभियोग स्वीकार गरेका हुन्। सिंहको सुनियोजित हत्या गरेको अभियोगमा मुद्दाको सुनुवाइ सुरु हुनुभन्दा अघिल्लो दिन नै उनीहरूले ब्रिटिश कोलम्बियाको सर्वोच्च अदालतमा ज्यान मार्ने कसुर गरेको स्वीकार गरे।

तर त्यसपछि दुई अभियुक्तबीच न्यूवेस्टमिन्स्टर स्थित अदालतको कक्षभित्रै घम्साघम्सी भयो। भ्यान्कूभर सन पत्रिकाका अनुसार फक्स र लोपेजबीच दुई मिनेटजति एकअर्कालाई मुक्का हाने र चिथोरे। सुरक्षाकर्मीहरूले हस्तक्षेप गर्दै उनीहरूलाई छुट्ट्याए र भुईंमा निहुरिएर बस्न लगाए। त्यसपछि उनीहरूलाई हतकडी लगाएर बाहिर लगियो। अन्य सुरक्षाकर्मीहरूले अदालतको दर्शकदीर्घा खाली गराए।

### कस्तो सजाय होला?

उनीहरूको मुद्दामा अक्टोबर ३१ का लागि तोकिएको इजलासले फैसला सुनाउने छ। हत्या गरेको कसुर स्वीकार गरेको हुनाले उनीहरूले स्वतः आजीवन कारावासको सजाय पाउँछन्।

क्यानडाको सार्वजनिक प्रसारक सीबीएसका अनुसार यतिखेर एकमात्र प्रश्न भनेको आचरण सुधार्ने सर्तमा छुट्नुअघि कति समय जेलमा बस्नुपर्छ भन्ने हो।सन् २०२२ को एप्रिल १४ मा मलिकलाई ब्रिटिश कोलम्बियाको सरीमा उनको पारिवारिक व्यवसाय रहेको ठाउँबाहिर कैयौं पटक गोली हानिएको थियो। प्रहरीले नजिकै एउटा जलेको गाडी भेटेको थियो।विमान बम विस्फोटन प्रकरणमा मलिकले सन् २००५ सफाइ पाएका थिए।

### सन् १९८५ को घटना

सन् १९८५ को जुन २३ मा क्यानडाबाट भारतका लागि उडेको एअर इन्डियाको उडान नं १८२ भएको विमानमा आइरिश तटनजिकै विस्फोटन भएको थियो।विस्फोटनका कारण विमानमा सवार सबै ३२९ जनाको ज्यान गयो। तीमध्ये धेरैजसो भारतमा आफन्त भेट्न हिँडेका क्यानडाका नागरिकहरू थिए।विमानमा बम विस्फोटन भएकै समयमा जापानमा दोस्रो बम विस्फोटन भएको थियो। उक्त घटनामा ब्यागेज हेर्ने दुई कर्मचारीको मृत्यु भएको थियो।

सन् १९८४ मा भारतमा सिखहरूको पवित्र तीर्थस्थल स्वर्णमन्दिरमा आक्रमण भएपछि त्यसको जबाफ दिन ती विस्फोटनहरू गराइएको ठानिन्छ। उक्त घटनालाई क्यानडाको इतिहासमा अहिलेसम्मकै सबैभन्दा घातक आतङ्कवादी आक्रमण मानिन्छ।दुई वर्षको सुनुवाइपछि मलिक र उनीसँगै आरोपित अजायब सिंह बागरीले आमहत्या र दुइटा बम विस्फोटन गराउने षड्यन्त्र गरेको अभियोगबाट सन् २००५ मा सफाइ पाएका थिए।

### मलिक परिवार र दोषीका वकिलहरू के भन्छन्

उनीहरूले सोमवार दिएको बयानका अनुसार फक्स र लोपेजले मलिकको हत्या गर्ने 'काम' पाएका थिए। तर कसले उनीहरूलाई पैसा दिएर मलिकको हत्या गर्न लगाएको थियो भन्ने चाहिँ कुरा प्रमाणित हुन सकेन।उक्त साङ्घातिक आक्रमणमा प्रयोग गरिएका दुइटा ह्यान्डगत प्रहरीले ती दुई अभियुक्तका घरबाट बरामद गरेको थियो। 'भ्यान्कूभर सन'का अनुसार प्रहरीले ११,९४३ अमेरिकी डलर बराबरको रकम पनि लोपेजको न्यूवेस्टमिन्स्टरस्थित घरमा भेटेको थियो।मलिकको परिवारले एउटा विज्ञप्ति जारी गर्दै हत्याको निर्देशन दिने व्यक्तिलाई न्यायको कठघरामा ल्याउनका लागि प्रहरीलाई सघाउन आग्रह गरेको छ ।

# रूसमा सेना पठाउने उत्तर कोरियाली तयारीले सियोल र नेटो चिन्तित

क्यूएनए

सियोल । दक्षिण कोरियाका राष्ट्रपति युन सुक योल र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) का प्रमुख मार्क रुटले उत्तर कोरियाले रूसमा सेना पठाउन गरेको तयारी बारे चिन्ता व्यक्त गरेका छन् । दक्षिण कोरियाको समाचार एजेन्सीका अनुसार प्योङ्याङ र मस्को बिचको सैन्य सहयोग बारे संयुक्त प्रतिक्रियासहित छलफल गर्न नेटो महासचिव मार्क रुट र युन बीच फोन वार्ता भएको थियो ।

युक्रेनमा रूसको गर्ने बताउनु भयो ।

वार्ताका क्रममा रुटले उत्तर कोरियाले रूसमा सेना पठाउँने निश्चित गरेको "गम्भीर चिन्ता" व्यक्त गर्दै, यो निर्णयले अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरूको खुल्लमखुल्ला उल्लङ्घन गरेको बताउनु भएको छ। उहाँले रूस र उत्तर कोरियाबिचको सैन्य सहयोगको जवाफ दिन दक्षिण कोरियालाई सक्रिय रूपमा सहयोग गर्न नेटो तयार रहेको कुरामा जोड दिँदै दक्षिण कोरिया, युक्रेन र



सैन्य कारबाही तथा रूस र उत्तर कोरियाबिचको मामला "इन्डो-प्यासिफिक क्षेत्र र एटलान्टिक क्षेत्रको सुरक्षासँग जोडिएको पुनः एकपटक पुष्टि हुने युनले वार्तामा बताउनु भएको छ। जसले अन्तर्राष्ट्रिय व्यवस्थालाई कमजोर पारी कोरियाली प्रायद्वीप र विश्वव्यापी शान्ति खतरामा पार्नेसमेत उहाँले उल्लेख गर्नु भएको छ। नेटो र यसका सदस्य राष्ट्रहरूसँगको सहकार्यमा यसको प्रतिक्रीया खोज्ने आशा व्यक्त गर्दै युनले दक्षिण कोरियाले प्योङ्याङ र मस्कोबिचको सैन्य सहयोगको विरुद्ध सक्रिय रहि "चरणबद्ध उपायहरू" अवलम्बन नेटोबीच रक्षा सहयोग र सुरक्षा संवादलाई सुदृढ पार्ने आशा व्यक्त गर्नु भएको छ।

दुवै पक्षले प्रविधिको प्रयोगसहित रुस र उत्तर कोरियाबिचको सहकार्यको घटनाक्रमलाई नजिकबाट निगरानी गर्न र संयुक्त प्रतिक्रिया गर्न सहमत भएका छन् ।दक्षिण कोरियाको नेसनल इन्टेलिजेन्स सर्भिसले शुक्रबार उत्तर कोरियाले युद्धमा रूसलाई सहयोग गर्न करिब १२ हजार सेना पठाउने निर्णय गरेको तथा एह हजार ५०० सय सेना रुसको सुदूर पूर्वमा पठाएको जनाएको थियो ।

# गाजा बन्धकको रिहाईमा सहयोग गर्नेलाई आर्थिक पुरस्कार प्रदान गर्ने इजरायली उद्यमीहरुको प्रस्ताव



एएफपी

जेरुसेलम । एक वर्ष लामो गाजा युद्ध युद्धविराम सम्झौतामा पुग्ने घट्दो सम्भावनाबाट निराश भएका केही इजरायली उद्यमीहरूले बन्धक रिहा गर्नेलाई आर्थिक पुरस्कार प्रदान गर्ने फरक मार्ग खोजेका छन् ।

सोडा स्ट्रिमका पूर्व सिइओ डेनियल बिर्नबामले सोमबार एएफपीलाई सामाजिक सञ्जाल एक्समा गाजाबाट जीवित इजरायली बन्धकलाई उद्धार गर्ने जो कोहीलाई एक लाख डलर नगद वा बिटक्वाइन दिने घोषणा गरेपछि करिब १०० वटा फोनकलहरू प्राप्त भएको बताउनुभएको छ ।

इजरायलमा आधारित सोडा कम्पनीका पूर्व अध्यक्षले आफ्नो प्रस्ताव बुधवार मध्यरात सम्म मान्य रहेको बताउनुभएको छ ।बिर्नबामले अधिकांश कलहरू ठट्टा वा धम्की भएपनि त्यसमध्ये १० देखि २० वैध हुन सक्ने र थप प्रमाणिकरणका लागि इजरायली अधिकारीहरूलाई हस्तान्तरण गरिएको जानकारी दिनुभएको छ । यति धेरै बन्धकहरुकाबीच हमाससँग सम्बद्ध नभएका केही नागरिकसँग बन्दीहरूको जानकारी हुनुसक्ने बिर्नबामले बताउनुभयो ।

अक्टोबर ७ ,२०२३ मा हमासले गरेको इजरायली आक्रमणमा २५१ जनालाई बन्धक बनाइएका थिए । तीमध्ये ९७ जना अझै पनि गाजामा बन्दी रहेको इजरायली अधिकारीहरूले बताएका छन् । इजरायलको प्रतिशोधात्मक अभियानले अहिलेसम्म गाजामा कम्तिमा ४२ हजार ६०३ व्यक्तिको ज्यान लिएको छ, जसमध्ये अधिकांश आमनागरिक रहेको हमासद्वारा सञ्चालित क्षेत्रको स्वास्थ्य मन्त्रालयको तथ्याकले जनाएको छ ।

"म सबैलाई फिर्ता पाउने आशा गरिरहेको छैन तर यदि हामीले एउटा मात्र बन्धक फिर्ता पायौं भने म खुसी हुनेछु", बिर्नबामले बताउनुभयो । उहाँले यस विषयमा इजरायली सरकारबाट अनुमति नलिएको बताउनुभयो । "मलाई लाग्छ वित्तीय पुरस्कारको तत्व निजी क्षेत्रबाट आउनुपर्छ, हेरौं यसले काम गर्छ कि गर्दैन। हामीले अहिलेसम्म जे गर्यौ त्यसले केही काम गरिरहेको छैन ", उहाँले भन्नुभयो ।

बिर्नबामको पहलको बारेमा सुनेपछि इजरायली-अमेरिकी घरजग्गा विकासकर्ता डेभिड हेगरले पनि यसका पैसा जुटाउन थालेको बताउनुभयो ।

उहाँले आइतबार इजरायली 'च्यानल १२' लाई बताएअनुसार हालसम्म आफ्ना साथीहरुको सहयोगबाट लगभग ४ लाख डलर जम्मा गरिसक्नुभएको छ र अन्य व्यापारीलाई पनि योगदान गर्न आह्वान गर्नुभएको छ ।

# हाइटी गिरोहको आक्रमणमा दुई जनाको मृत्यु , पाँच हजार विस्थापित

एएफपी

पोर्ट-आउ-प्रिन्स । हाइटीका गिरोहहरूले राजधानी पोर्ट -आउ-प्रिन्समा आक्रमण गर्दा आठ महिनाको गर्भवती महिलासहित दुई महिलाको मृत्यु हुनुका साथै पाँच हजार मानिस विस्थापित भएको नागरिक सुरक्षा विभागले सोमबार जनाएको छ । लामो समयदेखि गिरोह हिंसाबाट ग्रस्त रहेको हाइटीमा हालैका महिनामा हिंसा तीव्र हुँदै गइरहेको छ जसले देशको मानवीय, सुरक्षा र राजनीतिक सङ्कटलाई अझ बढाएको छ ।



एएफपीलाई प्रदान गरिएको आंशिक जानकारी अनुसार दक्षिणी सोलिनो जिल्लामा "भिभ अन्सानम" (लिभिङ टुगेदर) गठबन्धनभित्रका गिरोहले गरेको आक्रमणमा ती दुई महिलाको मृत्यु भएको हो । "उनीहरूलाई उनीहरूको घरभित्रै मारिएको थियो", नागरिक सुरक्षा प्रतिवेदनले जनाएको छ । प्रतिवेदनमा जलेका घर र सवारीसाधनको पनि वर्णन गरिएको छ । यस महिनाको सुरुदेखि नै पोर्ट-आउ-प्रिन्सका धेरै जिल्लालाई गिरोहहरूले लक्षित गर्दै आएका छन्, र सोमबार दिउँसो सोलिनोमा आक्रमण भएको हो ।

गिरोहले ल 'एस्टेरमा रहेको विद्यालयमा पनि आक्रमण गरेका छन् । उक्त आक्रमणमा एक अभिभावकको हत्या हुनुका साथै विद्यालयका थुप्रै बालबालिका घाइते भएका छन् । अक्टोबरको सुरुमा पोन्ट-सोन्डे सहरमा भएको गिरोहको आक्रमणमा कम्तीमा एक सय ९ जनाको मृत्यु भएको थियो भने ४० जनाभन्दा बढी घाइते भएका थिए । हाइटीमा शक्तिशाली गिरोहहरूले पोर्ट-अ-प्रिन्स र देशका मुख्य सडकहरूको ८० प्रतिशत नियन्त्रण लिएका छन् ।

मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तले सेप्टेम्बरको अन्त्यमा उद्धृत गरेको तथ्याङ्कअनुसार जनवरीदेखि हाइटीमा भएको गिरोह हिंसाका कारण कम्तीमा तीन हजार ६६१ जनाको मृत्यु भएको छ । आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन(आइओएम) का अनुसार हिंसाले निम्त्याएको मानवीय भयका कारण ७ लाखभन्दा बढी मानिसहरूलाई आफ्नो घर छोड्न बाध्य भएका छन् ।

# रूसमा सेना नपठाएको उत्तर कोरियाको दाबी

एएफपी

संयुक्त राष्ट्रसङ्घ । उत्तर कोरियाले मस्कोलाई युक्रेनको विरुद्धमा लड्न सेना नपठाएको जनाउदै संयुक्त राष्ट्रसङ्घका लागि उत्तरकोरीयाली प्रतिनिधि किम सङले सियोलको दाबी "आधारहीन " भएको दाबी गर्नु भएको छ ।

सियोलको जासुसी एजेन्सीले शुक्रबार प्योङ्याङले रूसलाई सहयोग गर्ने सेना तैनाथ गरेको तथा एक हजार ५०० सेना रूसमा प्रशिक्षण गराइरहेको जनाएको थियो । उहाँले रुससँगको सैन्य सहयोगको आधारहीन विषयमा आफ्नो प्रतिनिधिमण्डलले प्रतिक्रीया दिन आवश्यक महसुस नगरेको संयुक्त राष्ट्रसङ्घीय महासभा समितिको बैठकमा बताउनु भएको छ। सियोलको दाबी "उत्तर कोरियाको छवि बिगार्ने तथा सार्वभौम राज्यहरू बिचको मैत्रीपूर्ण र सहयोगी सम्बन्धलाई कमजोर पार्ने उद्देश्यले गरिएकोसमेत उहाँले बैठकमा उल्लेख गर्नु भएको छ ।




विश्वयुद्धपछि उत्तर कोरियाको स्थापना भएदेखि नै प्योङ्याङ र मस्को सहयोगी रहँदै आएको र सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि अझ नजिक भई लामो समय देखि किम जोङ-अनले रूसमा हतियार पठाउँदै आएको दाबी सियोल र वासिङ्टनले गर्दै आएका छन् ।उत्तर कोरियाले भने उक्त सैन्य तैनाती बारे कुनै टिप्पणी गरेको छैन भने रूसले पनि सेना तैनाथ भएको पुष्टि गरेको छैन ।यद्दपी नेटो र अमेरिकाले पनि सेना तैनातीको पुष्टि गरेका छेन्, तर दुवैले यसलाई लामो समयदेखि चलिरहेको युक्रेन द्वन्द्वमा सम्भावित खतरा वृद्धिको रूपमा लिएका छन् ।

उत्तर कोरियाले सेना पठाउने तयारी गरिरहेको रिपोर्टहरू आफुले देखेको सुरक्षा परिषदलाई बताउदै यो विषय सत्य भएमा यसले चिन्ताजनक स्थितीको सङ्केत गर्ने संयुक्त राष्ट्रसङ्घका लागि अमेरिकी दूत रोबर्ट वुडले बताउनु भयो । सेनालाई तत्काल फिर्ता बोलाउन आग्रह गर्दै दक्षिण कोरियाली सरकारले उत्तर कोरियाको निन्दासमेत गरेको छ । उत्तर कोरियाले युक्रेनमा रुसको अवैध आक्रमणका लागि सेना पठाउनु आफ्नो देशका लागि मात्र नभई अन्तर्राष्ट्रिय समुदायका लागिसमेत सुरक्षा खतरा भएको हो सुरक्षा परिषद्ले जनाएको छ ।

दक्षिण कोरियाली समाचार एजेन्सी योन्हापले सरकारी स्रोतलाई उद्धृत गर्दै सियोलले युक्रेनमा तैनाथ उत्तर कोरियाली सेनाको निगरानी गर्न कर्मचारीहको टोली पठाउने तयारी गरिरहेको जनाएको छ । योन्हापले रूस समर्थक टेलिग्राममा युक्रेनी भूमिमा रूसी र उत्तर कोरियाली झण्डा देखाउँदै फोटो पोस्ट गरेकोसमेत रिपोर्ट गरेको छ ।

# भारतद्वारा द्वन्द्वग्रस्त प्यालेस्टाइनमा पहिलो चरणको मानवीय सहायता प्रदान




एएनआई

नयाँदिल्ली । मध्यपूर्वमा चलिरहेको द्वन्द्वका बीच भारतले प्यालेस्टाइनका जनताका लागि मानवीय सहायता प्रदान गर्ने महत्त्वपूर्ण कदम चालेको छ ।

सहायताको प्रारम्भिक चरणमा ३० टन आवश्यक वस्तु रहेका छन् जसमा औषधि, शल्य चिकित्सा आपूर्ति, दन्त उत्पादन, सामान्य चिकित्सा वस्तु, र उच्च-ऊर्जा बिस्कुटहरू समावेश छन् । यो सहायता सामग्री प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्र राहत र कार्य विभाग (युएनआरडब्लुए) मार्फत वितरण गरिनेछ ।

सामाजिक सञ्जाल एक्समार्फत विदेश मन्त्रालयका आधिकारिक प्रवक्ता रणधीर जयस्वालले बताउनुभयो, "भारतले युएनआरडब्लुएमार्फत प्यालेस्टाइनी जनताका लागि मानवीय सहायता पठाएको छ ।"

"३० टन औषधि र खाद्यान्न सामग्रीसहितको पहिलो सहायता आज प्यालेस्टाइनतर्फ प्रस्थान गरेको छ । कन्साइनमेन्टमा आवश्यक औषधि र शल्य चिकित्सा आपूर्ति, दन्त उत्पादन, सामान्य चिकित्सा वस्तुहरू र उच्च-ऊर्जा बिस्कुट समावेश छ", उहाँले एक्समा बताउनुभएको छ । केही दिनअघि विश्व खाद्य कार्यक्रमले उत्तरी गाजाका लागि डब्ल्यूएफपीको आपूर्ति घट्दै गएको चेतावनी जारी गरेको थियो।

गत अक्टोबर १२ मा एक्समा डब्लुएफपीले लेखेको छ, "उत्तरी गाजामा बढ्दो हिंसाले खाद्य सुरक्षामा विनाशकारी प्रभाव पारेको छ । अक्टोबर १ देखि उत्तरमा कुनै खाद्यान्न सहायता प्रवेश गरेको छैन ।"यसअघि अक्टोबर २० मा, संयुक्त राष्ट्र सङ्घले बन्धकहरूको रिहाइ, प्यालेस्टिनीहरूको विस्थापनको अन्त्य र मानवीय सहायताको निर्बाध वितरणको तत्काल आवश्यकतालाई जोड दिँदै गाजामा युद्धको अन्त्यका लागि आफ्नो आह्वानलाई नवीकरण गरेको थियो ।

मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्घका विशेष संयोजक टोर वेन्नेसल्यान्डले जारी गरेको विज्ञप्तिमा संयुक्त राष्ट्रसङ्घले गहिरो चिन्ता व्यक्त गर्दै भनेको छ, "गाजामा दुःस्वप्न तीव्र हुँदै गइरहेको छ । निरन्तर इजरायली आक्रमण र बढ्दो मानवीय सङ्कटको बिचमा उत्तरी पट्टीमा भयावह दृश्यहरू देखा पर्दैछन्। "

# बेलायत ईयूसँग व्यापारिक सम्बन्ध पुनर्स्थापना गर्न खोज्दैछ : बेलायती व्यापारमन्त्री

एएफपी

जेनेभा । बेलायतले तत्काल युरोपेली सङ्घ (ईयू) सँग आफ्नो व्यापारिक सम्बन्ध पुनर्स्थापित गर्न खोजिरहेको र अन्तर्राष्ट्रिय वाणिज्यलाई बेलायतको वृद्धिलाई पुनर्जीवित गर्ने औजारको रुपमा हेरिरहेको व्यापारमन्त्री डगलस अलेक्जन्डरले बताउनुभएको छ । अलेक्जान्डरले सन् २०१६ मा बेलायतले ईयूबाट बाहिरिने छौं", उहाँले भन्नुभयो ।

अलेक्जान्डरले बेलायती अर्थतन्त्रको वृद्धि स्टारमर सरकारको महत्वपूर्ण एजेन्डा रहेको बताउनुभयो । "बेलायतको ४७ प्रतिशत व्यापार अझै पनि युरोपेली सङ्घसँग छ । त्यसैले हामीले सम्बन्ध पुनर्स्थापित गर्न जरुरी छ", उहाँले भन्नुभयो । "मेरो जेनेभा भ्रमणको उदेश्य सुन्नु र सिक्नु थियो, र व्यापार रणनीतिको



पक्षमा गरेको मतदानले यसको व्यापार नीतिमा अवरोध ल्याएको र देशले आफ्नो विश्वव्यापी व्यापार दृष्टिकोणलाई संशोधन गर्न आवश्यक रहेको बताउनुभएको छ ।

सन् २०२५ को वसन्तमा प्रकाशित हुने संशोधित, दीर्घकालीन बेलायत व्यापार रणनीतिलाई एकसाथ राख्ने योजनाको एक हिस्साको रूपमा उहाँ विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ)का प्रमुखलाई भेट्न सोमबार जेनेभा आउनुभएको हो । "नयाँ सरकारको रूपमा हामी युरोपेली सङ्घमा हाम्रा मित्र र साझेदारसँगको सम्बन्ध पुनर्स्थापित गर्न र विश्वभरिका बजारसँग स्वतन्त्र व्यापार सम्झौता र नयाँ अवसरहरू पछ्याउन धेरै उत्सुक वरिपरि मेरो उदाउँदो सोचमा डब्ल्यूटीओको स्थानको बारेमा कसरी सोच्न सकिन्छ भनेर ढाँचा बनाउनुथियो", उहाँले भन्नुभयो ।

युरोपेली आयोग डब्ल्यूटीओको १६६ सदस्यहरू मध्ये एक हो, तर सन् २०२० मा बेलायतले अन्ततः ब्लक छोडेपछि लण्डनले अब जेनेभामा आधारित विश्वव्यापी व्यापार निकायमा आफ्ना लागि वार्ता गरिरहेको छ। व्यापारमन्त्रीले विश्व व्यापार सङ्गठनलाई 'अन्तर्राष्ट्रिय सहयोगको अपरिहार्य संस्था' को रूपमा हेरेको र अगस्टमा पहिलो कार्यकाल समाप्त भएपछि दोस्रो कार्यकालका लागि महानिर्देशक एनगोजी ओकोन्जो-इवेलालाई दृढतापूर्वक समर्थन गर्ने बताउनुभयो ।

# प्यालेस्टिनी क्षेत्रमा गरिबीको दर उच्च


एएफपी

जेनेभा । लामो समय सम्म चलेको द्वन्द्वले प्यालेस्टिनी क्षेत्रहरूमा गरिबीको दर यस वर्ष लगभग दोब्बर भइ ७४.३ प्रतिशतमा पुगेको संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) ले मङ्गलबार जारी गरेको प्रतिवेदनले जनाएको छ ।

युएनडिपीका प्रमुख अचिम स्टेनरले युद्धको प्रभाव भौतिक पूर्वाधार विनाशमा मात्र नभई गरिबी, जीविकोपार्जन लगायतका क्षेत्रमा समेत परेको बताउनु भएको छ । सन् २०२३ को अन्त्यमा ३८.८ प्रतिशत रहेको गरिबीको दर यस वर्ष २.६१ मिलियन प्यालेस्टिनीहरू गरिबीमा पर्दा गरिबीको सङ्ख्या ४.१ मिलियनमा पुगेको जनाइएको छ । यो विनाशले प्यालेस्टाइनलाई विकासको मार्गमा दशकौं पछाडि पारेको स्टेनरले उल्लेख गर्नु भएको छ ।

यो सँगै यो वर्ष प्यालेस्टिनी क्षेत्रमा बेरोजगारीदर ४९.९ प्रतिशतले बढ्ने र गाजामा जीडीपी ३५.१ प्रतिशतले कम हुने अध्ययनले जनाएको छ ।

# दसैं-तिहारलाई कोसेली कर्णालीको स्याउ



राँझा । कर्णालीको प्राङ्गारिक स्याउ बजारमा सस्तो दरमा उपलब्ध भएपछि यस वर्ष दसैं-तिहारको कोसेलीका रुपमा घरघरमा पुगेको छ।

आयातीत भारतीय र चीनको भन्दा सस्तो, स्वादिलो र लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले नेपालगन्जवासीको रोजाइमा कर्णालीको स्याउ परेको छ। नेपालगन्जको धम्बोझीमा कर्णालीको स्याउ किन्दै गर्नुभएका बाँकेको खजुराका युवा व्यवसायी शतिश निरौलाले दसैंमा घरमा खान, पाहुनालाई प्रसाद तथा मान्यजनकहाँ जाँदा कोसेली लैजान कर्णालीको स्याउ स्वादिलो र सजिलो भएको बताउनुभयो।

"सिजनको जुम्ली स्याउ स्वादिलो र रसिलो हुने भएकाले नेपालगन्जबाट अन्यत्र जाँदा दसैं-तिहारमा कोसेलीका रुपमा लैजाने सहज भएको छ", उहाँले भन्नुभयो, "विदेशी स्याउको तुलनामा कर्णालीको स्याउ स्वादिष्ट र सस्तोसमेत भएकाले यो वर्ष धेरैको रोजाइमा परेको छ ।"नेपालगन्ज उपमहानगरपालिका-१० आदर्शनगर निवासी मङ्गलीमाया श्रेष्ठले यस वर्षको दसैंमा कर्णालीको स्याउ कोसेलीका रुपमा १५ किलो खपत गरेको बताउनुभयो । घरमा आउने पाहुनालाई प्रसाद दिने मात्र नभएर मान्यजनकहाँ दसैंको टीका, जमरा र आशीर्वाद लिन जाँदा पनि सजिलो हुने भएकाले स्याउ नै बोकेर जाने गरेको उहाँको भनाइ छ।

नेपालगन्जको धम्बोझीमा तिहारलाई लक्षित गरेर अहिले पनि कर्णालीको स्याउ किनबेच गर्नेको भीडभाड हुने गरेको छ। नेपालगन्जको धम्बोझी चोकमा कर्णालीकै महिलाहरुले असोजको पहिलो हप्तादेखि नै स्याउको बिक्री-वितरण गर्दै आउनुभएको छ । जुम्लाको सिँजा गाउँपालिकाबाट नेपालगन्जमा स्याउ बिक्री गर्न आउनुभएकी शीतली रोकायले दैनिक २५ देखि ३० किलोसम्म स्याउ बिक्री गर्ने गरेको बताउनुभयो। अन्य बेलाभन्दा दसैं-तिहारको बेला स्याउ धेरै बिक्री हुने गरेको उहाँको भनाइ छ।

नेपालगन्जका अन्य फलफूल पसलमा समेत उपभोक्ताले कर्णालीकै स्याउ किन्ने गरेका छन् । नेपालगन्जको त्रिवेणी मोडस्थित पुरानो फलफूल पसल महाराजा फ्रुटका सञ्चालक कमल सुनारले यो वर्ष कर्णालीको स्याउले भारतीय र चाइनिज स्याउलाई जितेको बताउनुभयो । उहाँले आफ्नो पसलमा आउने उपभोक्ताले कर्णालीको स्याउ नै खोज्ने गरेको बताउनुभयो। यो दसैंमा कर्णालीको स्याउ अन्य समयको तुलनामा तीन गुणा बढी बिक्री भएको छ। बाहिरबाट आउने स्याउको तुलनामा कर्णालीको स्याउ स्वादिलो र सस्तोसमेत भएकाले उपभोक्ताको रोजाइमा परेको सुनारले उल्लेख गर्नुभयो।

कर्णाली स्याउ बजारमा आएपछि भारत र चीन दुवै ठाउँबाट आउने स्याउको आयात घटेको छ। कर्णाली प्रदेशका जुम्ला, कालीकोट, हुम्ला र मुगुमा उत्पादन गरिएको 'अर्ग्यानिक' स्याउ ठूलो मात्रामा नेपालगन्जमा भित्रिएको छ । भारतीय स्याउ प्रतिकिलो रु एक सय ५० देखि रु दुई सय ५० र चीनको स्याउ प्रतिकिलो रु एक सय ६० भन्दा बढीमा बिक्री भइरहेका बेला कर्णालीको अर्ग्यानिक स्याउ बाँकेमा प्रतिकिलो रु ९० देखि रु एक सय २० सम्ममा पाइन थालेपछि यो वर्षको दसैं-तिहारमा उपभोक्तालाईको रोजाइमा परेको स्थानीय व्यवसायी रमजान कबडियाले बताउनुभयो।

उहाँका अनुसार अहिले जताततै कर्णालीकै स्याउ बिक्री भइरहेको छ। भारतीय स्याउ महँगो र चीनको स्याउ त्यति स्वादिलो नभएकाले कर्णालीको स्याउको माग अत्यधिक बढेको छ। कबडियाले सीमापारिबाट आउने भारतीय नागरिकले समेत कोसेलीका रुपमा कर्णालीको स्याउ किनेर लैजाने गरेको बताउनुभयो ।रासस

> "विदेशी स्याउको तुलनामा कर्णालीको स्याउ स्वादिष्ट र सस्तोसमेत भएकाले यो वर्ष धेरैको रोजाइमा परेको छ ।"

# पाँच मुरीभन्दा बढी बदाम फलाउनेलाई पुरस्कार !



खोटाङ । हलेसी तुवाचुङ नगरपालिकाले परम्परगत बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत पाँच मुरी तथा त्योभन्दा बढी बदाम उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउने भएको छ । सुक्खाग्रस्त क्षेत्रमा पर्ने यो नगरपालिकामात्रै उत्पादन हुने बदामखेती प्रवर्द्धनका लागि नगरपालिकाले प्रोत्साहन रकम वितरण गर्ने कार्यक्रम ल्याएपछि किसान उत्साहित भएका छन् ।

परम्परागत बाली प्रवर्द्धनका लागि नगरसभाबाटै पारित गरिएको नीति तथा कार्यक्रमअन्तर्गत बदामखेती गर्ने किसानलाई उत्पादनमा आधारित प्रोत्साहन रकम वितरण गर्न नगरपालिकाले १५ दिने सूचनासमेत जारी गरेको छ। नगरपालिकाले जारी गरेको सूचनामा उल्लेख भएअनुसार पाँच मुरी बदाम फलाउने किसानलाई प्रतिमुरी रु पाँच सयका दरले रु दुई हजार पाँच सय तथा त्योभन्दा बढी फलाउनेलाई थप रु तीन सयका दरले प्रोत्साहन रकम दिने जनाइएको छ।

नगरपालिकाको अधिकांश भागमा उत्पादन हुने बदामखेलीलाई प्रवर्द्धन गर्दै ब्राण्डिङ गरेर बिक्री गर्ने योजनासहित किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरिएको नगरप्रमुख विमला राईले बताउनुभयो । "बदाम बिक्रीबाट नगरपालिकाका किसानले अहिले पनि राम्रो आम्दानी गरिरहेका छन्। किसानले उत्पादन गरेका बदामलाई आगामी दिनमा ब्राण्डिङ गर्ने योजना छ। उहाँले भन्नुभयो, "हाम्रो नगरपालिकामा बदाम र गहत उत्पादनको प्रचुर सम्भावना छ। हामीले आर्थिक वर्ष २०८०/८१ मा नगरसभाबाटै पारित गरेर गहत र बदामखेती प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम ल्याएका थियौँ। यो कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने योजना छ। बदाम र गहतलाई हाम्रो नगरपालिकाको विशेष उत्पादन बनाएर निर्यात गर्दै आम्दानीको स्रोत वृद्धि गर्ने लक्ष्य लिएका छौं।"


जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने यो नगरपालिकाको वडा नं ८ धितुङ, वडा नं ५ दुर्छिम वडा नं २ डिकुवामा सबैभन्दा बढी बदामखेती लगाउने गरिएको छ। वडा नं १ बाहुनीडाँडा, वडा नं ३ च्यास्मिटार, वडा नं ७ महादेवस्थान, वडा नं ११ राजापानीलगायत ठाउँमा पनि आंशिक मात्रामा बदामखेती लगाउने गरिएको छ । मध्यपहाडी लोकमार्गले छोएको यो नगरपालिकाको वडा नं ८ धितुङमा सबैभन्दा बढी बदामखेती लगाउने गरिएको छ। धितुङका धेरैजसो घरमा वार्षिक २०-२२ मुरी बदाम भित्रिने गरेको धितुङका वडाध्यक्ष टेकराज राईले बताउनुभएको छ।

एघार वडा रहेको हलेसी तुवाचुङ नगरपालिकामा यस वर्ष सात सय मुरीभन्दा बढी बदाम उत्पादन हुने अनुमान गरिएको नगरपालिकाका कृषि शाखाले जनाएको छ। नगरपालिकाका कृषि शाखाको तथ्याङ्कानुसार करिब दुई सय घरपरिवार किसानले पाँच मुरीभन्दा बढी बदाम उत्पादन गर्दै आएका छन्।

नगरपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजलाई प्रवर्द्धन तथा बजारीकरण गर्दै नगरवासीको आयआर्जनमा वृद्धि गर्न हलेसीस्थित ट्राफिकचोकमा चिस्यान केन्द्रसहितको कृषि सङ्कलन केन्द्र सञ्चालन गरिएको छ। आयातित कृषि उपजलाई निषेध गर्दै स्थानीय कृषि उपज प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाको रु ३८ लाख ३८ हजार आठ सय ३१ लगानीमा कृषि सङ्कलन केन्द्र स्थापना गरिएको नगर प्रवक्ता एव वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिनुभएको छ।

हलेसी क्षेत्रका किसानले उत्पादन गरेका अधिकांश बदाम स्थानीय तथा बाहिरबाट आएका ठेकेदारले खरिद गरेर जिल्लाकै त्रिधार्मिकस्थल हलेसी बजार, दिक्तेल, रभुँवाघाटमा लाग्ने माघे सङ्क्रान्ति मेला, बराहपोखरी मेला, दिक्तेल बजार, छिमेकी जिल्ला ओखलढुङ्गालगायतमा बिक्री गर्न लैजाने गरेका छन्। जिल्लाका दश स्थानीय तहमध्ये हलेसी तुवाचुङ नगरपालिकामा मात्र लामो समयअघिदेखि बदामखेती हुँदै आएको छ। रासस

# बागलुङमा ५६ हजार दुई सय ४० 'मेट्रिकटन' आलु उत्पादन



ढोरपाटन । बागलुङमा आलुखेती विस्तारमा जोड दिइएको छ। जिल्लाको माथिल्लो क्षेत्रमा आलु उत्पादन बढ्दै राम्रो हुँदै गएपछि दुई वर्षदेखि क्षेत्र विस्तार गर्न थालिएको हो।

किसानले आलुखेतीतर्फ चासो देखाउन थालेपछि कृषि ज्ञान केन्द्रले लगानी गर्दै आएको छ। बागलुङको तमानखोला,ताराखोला,निसीखोला र काठेखोला गाउँपालिका तथा ढोरपाटन नगरपालिकालगायत क्षेत्र आलु उत्पादनका लागि उपयुक्त रहेको हुँदा किसानलाई प्रोत्साहनसमेत गर्न थालिएको हो ।गत वर्ष ज्ञान केन्द्रले नयाँ क्षेत्र विस्तारका लागि रु दुई करोड ६० लाख लगानी गरेको र चालु आर्थिक वर्ष रु एक करोड ५९ लाख लगानी गर्न थालेको हो । गत वर्ष गण्डकी प्रदेश सरकारले खायन आलुखेतीका लागि रु तीन करोड ६० लाख विनियोजन गरेको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो।

गत वर्ष ज्ञान केन्द्रले एक सय ३६ हेक्टर नयाँ क्षेत्रमा आलु लगाएको र यस वर्ष थप क्षेत्र विस्तार गर्ने उहाँको भनाइ छ। बर्खे र हिउँदे गरी दुई याममा आलु उत्पादन हुने जिल्लामा बर्सेनि करोडौं भित्रिने गरेको छ। प्रमुख सिलवालका अनुसार यस वर्ष आलु तीन हजार सात सय हेक्टरमा लगाइएको थियो।

गत वर्षको तुलनामा बढी क्षेत्रफलमा आलु लगाए पनि उत्पादनमा ह्रास आउँदा ५६ हजार दुई सय ४० मेट्रिकटन मात्र आलु उत्पादन भएको प्रमुख सिलवाल बताउनुहुन्छ । उहाँले चैत र वैशाख महिनामा लामो खडेरी पर्दा उत्पादनमा ह्रास आएको उहाँको भनाइ छ । गत वर्ष प्रतिहेक्टर १६ दशमलव पाँच टन आलु उत्पादन भएकामा यस वर्ष प्रतिहेक्टर १५ दशमलव दुई मेट्रिकटन मात्रै उत्पादन भएको सिवालले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "पछिल्लो समय बागलुङका किसानले आलुखेतीप्रति निकै चासो दिनुभएको छ, प्रदेश सरकारले पनि बर्सेनि बजेट विनियोजन गर्दै आएको छ, पहिले पुरानो शैलीमा खेती गर्ने किसानले अहिले आधुनिक प्रविधिको प्रयोग गर्दै जानुभएको छ, ज्ञान केन्द्रले अहिले किसानलाई तालिम, आवश्यक बीउ, यन्त्र उपकरण र प्राविधिक सहयोग गर्दै गएको छ।"

बागलुङका किसानले उत्पादन गर्ने आलु बागलुङ, बुटवल, चितवनलगायत सहरमा पुग्ने गरेका छन् । किसानले हिउँदे आलु प्रतिकिलो रु ४० र बर्खे आलु प्रतिकिलो रु ५० मा बिक्री गर्दै आएका छन्। लामो समयको खडेरीका कारण अघिल्लो वर्षको तुलनामा झन्डै १५ प्रतिशत कम आलु उत्पादन भएको ढोरपाटन-९ का किसान झकेन्द्र विकले बताउनुभयो । गत वर्ष करिब रु चार लाखको आलु बिक्री गरेकामा यस वर्ष रु दुई लाख ८० हजारको मात्रै बिक्री गरेको उहाँको भनाइ छ।

"किसानका लागि कृषि ज्ञान केन्द्रले राम्रो सहयोग गरेको छ, आलुको बीउ दियो, सिँचाइका लागि पाइप उपलब्ध गराइयो, अरू यन्त्र पनि दियो, पहिले सामान्य तरिकाले आलुखेती गर्थ्यौं, अहिले प्राविधिकले भनेअनुसार गर्छौं", विकले भन्नुभयो, "यस वर्ष सुरुमा बोट रामै थियो, उत्पादन चाहिँ कम भयो।"रासस


## मल्टीपर्पस फाइनान्स लिमिटेड
## Multipurpose Finance Ltd.

कर्पोरेट कार्यालय: जनकपुरधाम ४, विधापति चौक, सम्पर्क नं. ०४१-५९११७०
Email: mfclfin43@gmail.com, website: www.multipurposefinance.com

### Condensed Statement of Financial Position (Quarterly)
As on Quarter Ended 30th Aswin, 2081

Figures in NPR

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 739,726,746.46 | 561,142,236.00 |
| Due from Nepal Rastra Bank | 144,271,830.73 | 68,288,376.00 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Unaudited Financial Results (Quarterly) | - | - |
| Loans and advances to customers | 1,539,408,432.73 | 1,442,340,754.00 |
| Investment in securities | 391,478,409.63 | 304,733,939.30 |
| Current Tax Assets | - | 1,862,149.39 |
| Investment in subsidaries | - | - |
| Investment in Associates | - | - |
| Investment property | 11,623,000.00 | 11,623,000.00 |
| Property and equipment | 187,658,993.56 | 187,179,321.78 |
| Goodwill and Intangible Assets | 1,411,084.73 | 1,539,002.33 |
| Deferred tax assets | 2,448,825.83 | 2,448,825.83 |
| Other assets | 22,512,019.53 | 20,301,431.00 |
| **Total Assets** | **3,040,539,343.20** | **2,601,459,035.64** |
| **Liabilities and Equity** | | |
| **Liabilities:** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial instruments | - | - |
| Deposit from customers | 2,298,487,059.09 | 1,870,250,257.00 |
| Borrowings | - | - |
| Current Tax Liabilities | 2,626,419.01 | - |
| Provisions | - | - |
| Deferred tax liabilities | - | - |
| Other liabilities | 33,219,634.33 | 39,777,420.00 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **2,334,333,112.43** | **1,910,027,677.00** |
| **Equity:** | | |
| Share Capital | 610,200,000.00 | 610,200,000.00 |
| Share premium | 10,540,719.00 | 10,540,719.00 |
| Retained earning | 19,350,576.22 | 7,530,678.00 |
| Reserves | 66,114,935.55 | 63,159,961.00 |
| **Total equity attributabe to equity holders** | **706,206,230.77** | **691,431,358.00** |
| Non-controlling interests | - | - |
| **Total equity** | **706,206,230.77** | **691,431,358.00** |
| **Total Equity & Liabilities** | **3,040,539,343.20** | **2,601,459,035.64** |

### Condensed Statement of Profit or Loss
For the Quarter Ended 30th Aswin, 2081

| Particulars | Current Year | | Previous year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to this Quarter(YTD) | This Quarter | Up to this Quarter(YTD) |
| Interest Income | 63,212,819.47 | 63,212,819.47 | 56,856,745.00 | 56,856,745.00 |
| Interest Expense | 40,091,933.16 | 40,091,933.16 | 37,347,661.00 | 37,347,661.00 |
| **Net interest income** | **23,120,886.31** | **23,120,886.31** | **19,509,084.00** | **19,509,084.00** |
| Fees and Commission Income | 3,590,428.49 | 3,590,428.49 | 1,909,647.00 | 1,909,647.00 |
| Fees and Commission Expense | - | - | - | - |
| **Net fee and Commission income** | **3,590,428.49** | **3,590,428.49** | **1,909,647.00** | **1,909,647.00** |
| **Net interest fee and commission income** | **26,711,314.80** | **26,711,314.80** | **21,418,731.00** | **21,418,731.00** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 17,843,390.54 | 17,843,390.54 | - | - |
| **Total operating income** | **44,554,705.34** | **44,554,705.34** | **21,418,731.00** | **21,418,731.00** |
| Impairment charge/(reversal) for loans and other losses | 9,873,714.41 | 9,873,714.41 | 4,522,267.00 | 4,522,267.00 |
| **Net Operating income** | **34,680,990.93** | **34,680,990.93** | **16,896,464.00** | **16,896,464.00** |
| Personnel Expense | 7,948,730.87 | 7,948,730.87 | 6,901,373.00 | 6,901,373.00 |
| Other Operating Expenses | 4,323,201.17 | 4,323,201.17 | 3,697,178.00 | 3,697,178.00 |
| Depreciation and amortisation | 1,302,097.79 | 1,302,097.79 | - | - |
| **Operating expenses** | **13,574,029.83** | **13,574,029.83** | **10,598,551.00** | **10,598,551.00** |
| **Net operating Profit** | **21,106,961.10** | **21,106,961.10** | **6,297,913.00** | **6,297,913.00** |
| Non operating income | - | - | 3,102,773.00 | 3,102,773.00 |
| Non operating expense | - | - | - | - |
| **Profit before income tax** | **21,106,961.10** | **21,106,961.10** | **9,400,686.00** | **9,400,686.00** |
| Income tax expense | 6,332,088.33 | 6,332,088.33 | 2,820,206.00 | 2,820,206.00 |
| Current tax | 6,332,088.33 | 6,332,088.33 | 2,820,206.00 | 2,820,206.00 |
| Deferred tax | - | - | - | - |
| **Profit for the year** | **14,774,872.77** | **14,774,872.77** | **6,580,480.00** | **6,580,480.00** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to this Quarter(YTD) | This Quarter | Up to this Quarter(YTD) |
| Profit for the period | 14,774,872.77 | 14,774,872.77 | 6,580,480.00 | 6,580,480.00 |
| Other comprehensive income: | - | - | - | - |
| **Total comprehensive income** | **14,774,872.77** | **14,774,872.77** | **6,580,480.00** | **6,580,480.00** |
| Basic Earning Per Share (Annualised) | | 9.69 | | 4.42 |
| Diluted Earning Per Share (Annualised) | | 9.69 | | 4.42 |
| **Profit attributable to:** | | | | |
| Equity holders of the bank | 14,774,872.77 | 14,774,872.77 | 6,580,480.00 | 6,580,480.00 |
| Non-controlling interests | | | | |
| Total | 14,774,872.77 | 14,774,872.77 | 6,580,480.00 | 6,580,480.00 |

### Ratios as per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter(YTD) | This Quarter | Up to This Quarter(YTD) |
| Capital Fund to RWA | | 26.02% | | 41.88% |
| Non-Performing Loan (NPL) to Total Loan | | 4.97% | | 1.22% |
| Total Loan Loss Provision to Total NPL | | 88.47% | | 180.74% |
| Cost of Funds | | 8.03% | | 10.13% |
| Credit to Deposit Ratio | | 66.97% | | 76.69% |
| Base Rate | | 11.22% | | 13.93% |
| Interest Rate Spread | | 4.54% | | 4.42% |

### Notes to Financial Statement

1. Above Financial statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs as issued by ICAN.
2. These figures may vary with the audited figures at the instance of external auditor and regulator.
3. Figures have regrouped and rearranged whenever necessary.
4. Loans & advances consist of accrued interest receivable net of interest suspense and have been presented in net of any impairment charges. Impairment charge on loans and advances have been taken as calculated as per NRB Directives using Carve-Outs no.5 issued by Institute of Chartered Accountants of Nepal (ICAN) being higher of impairment charges calculated as per NAS 39.
5. Loans and Advances to customers include loan to customers and loan to employees which have been measured at amortized cost.
6. NFRS adjustements which are subject to regulatory adjustments as per NRB Directives have been shown as regulatory adjustments.
7. The detailed Interim report has been published in the Financial Institution website https://multipurposefinance.com

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची १४ सँग सम्बन्धित त्रैमासिक प्रतिवेदन ।
(आ.व. २०८१/८२ को प्रथम त्रैमासिक विवरण)

१. **वित्तीय विवरण:**

क. **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**
आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेभसाइट: https://multipurposefinance.com मा पनि राखिएको छ।

ख. **प्रमुख वित्तीय अनुपातहरु:**

| | | | |
|---|---|---|---|
| प्रति शेयर नेटवर्थ | ११५.७३ | प्रति शेयर आम्दानी (वार्षिक) | ९.६९ |
| मूल्य आम्दानी अनुपात | ८१.०५ | तरलता अनुपात | ३२.१८ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य | ४९८.२९ | | |

२. **व्यवस्थापकिय विश्लेषण:**

क. यस वित्तीय संस्थाको हालसम्मको समग्र व्यवसायिक तथा वित्तीय स्थिती व्यवस्थापनको योजना अनुरुप नै रहेको छ। यस वित्तीय संस्थाले व्यवसायको विकास र बिस्तारका लागि नयाँ नयाँ योजना र कार्यक्रमको खोजी गर्ने क्रममा लगानीका क्षेत्रहरुको विस्तार, व्यवसायिक संजालको वृद्धि, विविधिकरण र गुणस्तरिय सेवा प्रदान गर्ने उद्देश्य लिई सोही बमोजिम कार्य सम्पादन गर्दै आएको छ । यस समीक्षा अवधिमा बजारमा देखिएको तरलता सहजताको कारण वित्तीय संस्थामा निक्षेप उत्साहजनक रुपले वृद्धि भएता पनि कर्जा माग नहुँदा लगानी सन्तोषजनक रुपमा वृद्धि नभएको तर आउँदो त्रैमासमा निक्षेप, कर्जा लगानी तथा असुली सन्तोषजनक भई यी सुचकहरु सुधार हुने व्यवस्थापनको अनुमान रहेको छ।

ख. आगामी दिनहरुमा गुणस्तरीय सेवा वृद्धि गर्नुका साथै समय सापेक्ष व्यवसायिक योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने, लगानीका नयाँ क्षेत्रहरुको खोजी गर्ने, नयाँ शाखाहरुको स्थापना गर्ने र व्यवसायिक विविधीकरण तथा ग्राहकको चाहना बमोजिम आधुनिक बैंकिङ्ग तथा वित्तीय सेवा तथा सुविधाहरु उपलब्ध गराउने जस्ता कुराहरुमा वित्तीय संस्थाको व्यवस्थापन प्रतिबद्ध छ।

ग. यस वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समीक्षा अवधिमा नरहेको।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

क. यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्दमा कुनै मुद्दा दायर नगरेको र वित्तीय संस्था विरुद्ध कर्जा असुलीसँग सम्बन्धीत बाहेक अन्य मुद्दा दायर भएको कुनै पनि सूचना प्राप्त नभएको।

ख. वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नआएको।

ग. कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नरहेको।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क. नेपाल स्टक एक्सचेन्ज लि. तथा धितोपत्र बोर्डको व्यवस्थाको अधिनमा रही कारोवार रहेको।

ख. यस अवधिमा शेयरको अधिकत्तम, न्यूनत्तम, अन्तिम मूल्य कारोबार भएको कुल दिन तथा कारोबार संख्या (नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार):

| | | | |
|---|---|---|---|
| अधिकत्तम मूल्य | ९३६.९० | कारोबार भएको कुल दिन | ५७ |
| न्यूनत्तम मूल्य | ५२९.५० | कारोबार संख्या | ३१९२० |
| अन्तिम मूल्य | ७८५.०० | कारोबार भएको कित्ता संख्या | ५४०६११० |

५. **समस्या तथा चुनौती:**
वित्तीय क्षेत्रमा भएको बढदो प्रतिस्पर्धा र अर्थतन्त्रमा आएको संकुचनको कारण कर्जा मागमा कमी आई सम्पूर्ण आर्थिक कारोवारहरु मन्द रहेको । साथै, लगानी योग्य उत्पादनशील क्षेत्रको अभाव, दक्ष जनशक्तिको व्यवस्थापन, न्यून आर्थिक वृद्धिदर, घरजग्गाको कारोबारमा आएको मन्दी आदिबाट श्रृजना हुनसक्ने जोखिमलाई कम्पनीले समस्या तथा चुनौतीको रुपमा लिएको छ । काबुभन्दा बाहिरका परिस्थिति बाहेक उपरोक्त चुनौती तथा समस्या समाधान गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त गरी ग्राहकमुखी सेवा प्रदान गर्ने तथा दक्ष जनशक्ति व्यवस्थापन गर्ने रणनीति कम्पनीले लिएको छ।

६. **संस्थागत सुशासन:**
यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुबाट प्राप्त मार्ग निर्देशनहरु उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। वित्तीय संस्थाको सुशासन अभिवृद्धि एवं वित्तीय संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति र कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति क्रियाशील रहेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको र आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षकले दिएको सुझाव तथा सल्लाहहरु व्यवस्थापन मार्फत कार्यान्वयन तथा समीक्षा गर्न लेखापरीक्षण समिति क्रियाशील रहेको छ। वित्तीय संस्थाको कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

# महिला केन्द्रित फोटो प्रदर्शनी हुने




**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल पिक्चर लाइब्रेरीले जनकपुरधाममा तीन दिवसीय पिक्चर प्रदर्शनी गर्ने भएको छ।

महिला केन्द्रित रहेको सो पिक्चर प्रदर्शनी जनकपुरधामस्थित तिरहुतियामा हुने जनाइएको छ।

"सार्वजनिक जीवनमा महिलाः महिलावादी स्मृतिको एक पहल" प्रदर्शनीको पहिलो चरणमा जनकपुरधाममा नेपाल पिक्चर लाइब्रेरीले तीन दिवसीय प्रदर्शनी गर्ने लाइब्रेरीका प्रतिनिधि विराज महर्जनले जानकारी दिए।

जनकपुरधाममा मंगलबार आयोजना गरिएको पत्रकार सम्मेलनमा नेपाल पिक्चर लाइब्रेरीका प्रतिनिधि महर्जनले यही कार्तिक ८ गतेदेखि १० गतेसम्म जनकपुरधामस्थित तिरहुतिया गाछीमा विहान १० बजेदेखि साँझ ५ बजेसम्म विभिन्न ऐतिहासिक पिक्चरहरुको प्रदर्शन गरिने बताए।

उनले परियोजनाको मुख्य उद्देश्य दृश्य अभिलेख, मौखिक इतिहास, र सामुदायिक संलग्नता मार्फत नेपालको महिलावादी इतिहासलाई संरक्षण र प्रसार गर्नु रहेको भन्दै आयोजक महर्जनले सो प्रदर्शनीले नेपालका महिलाहरूको सार्वजनिक जीवनमा रहेको योगदानलाई उजागर गर्दै नेपाली समाजमा उनीहरूको ऐतिहासिक महत्वलाई स्थापित गर्नु रहेको बताए।

यो देशव्यापी यात्रा विभिन्न सात क्षेत्रमा हुने प्रदर्शनी लूपहरूमा आधारित हुनेछ, जसले ग्रामीण र शहरी क्षेत्रहरूमा महिला इतिहासको अभिलेखलाई पहुँचयोग्य र सान्दर्भिक बनाउँदै ऐक्यबद्धता निर्माण गर्न, र महिलाहरूको योगदानलाई संकलन र सम्झना गर्न साझा मञ्च प्रदान गरिने उनले बताए।

पहिलो चरण अन्तर्गतको पिक्चर प्रदर्शनीको कार्यक्रम वीरगञ्जमा सम्पन्न भइसकेको छ भने कार्तिक ८, ९ र १० गतेसम्म जनकपुरधाममा हुने उनले बताए।

यस परियोजना २०७५ सालमा नेपाल पिक्चर लाइब्रेरीको दस्तावेज र अभिलेख सृजनाको पहलबाट सुरु भएको हो र २०८० सालमा पुस्तकको रूपमा पनि प्रकाशित भएको थियो। सो प्रदर्शनीले अहिले सम्म काठमाण्डौ (नेपाल), नयाँ दिल्ली (भारत), कोची (भारत), इस्तानबुल (टर्की), सिंगापुर, र ब्रेडा (नेदरल्याण्ड) लगायतका विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थानहरूमा यात्रा गरिसकेको जनाइएको छ।

# विकासका लागि सामूहिक प्रतिवद्धता

नेपाली काँग्रेस सप्तरीको पार्टी कार्यालयमा राजनीतिक दलहरुको संयुक्त बैठकमा जिल्लाको विकास निर्माण तथा जनसरोकारका विषयमा देखिएका मुख्य समस्याहरुको पहिचान गरी समाधानका सामूहिक रुपमा अघि बढ्ने प्रतिवद्धता व्यक्त गरेका छन्।

**टुडे समाचारदाता**

राजविराज। विभिन्न राजनीतिक दलका अगुवाहरुले जिल्लामा देखिएका विकास निर्माण तथा जनसरोकारका समस्या समाधानका लागि मिलेर काम गर्ने सामूहिक प्रतिवद्धता जनाएका छन्।

राजविराजमा मंगलबार नेपाली काँग्रेस सप्तरीको पार्टी कार्यालयमा राजनीतिक दलहरुको संयुक्त बैठकमा जिल्लाको विकास निर्माण तथा जनसरोकारका विषयमा देखिएका मुख्य समस्याहरुको पहिचान गरी समाधानका सामूहिक रुपमा अघि बढ्ने प्रतिवद्धता व्यक्त गरेका छन्।

सो बैठकबाट जिल्लामा हाल महत्वपूर्ण समस्याको रुपमा राजविराज बस पार्क, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको अधुरो कन्या छात्रावास भवन, प्रस्तावित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन निर्माण, राजविराज नगरपालिका क्षेत्रको विटौरी जग्गा बाहकलाई लालपूर्जा प्रदान, गजेन्द्र नारायण सिह अस्पतालमा स्तरीय स्वास्थ्य सेवा र जनशक्तिको अभाव तथा जनसरोकारका कार्यालयहरुमा चुस्तदुरुस्त सेवा प्रवाहको अभाव प्रमुख समस्याको रुपमा रहेको ठहर गरेको छ।

त्यस्तै शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन र मधेश प्रदेश कृषि विश्वविद्यालयलाई व्यवस्थित गर्नु पर्नेलगायतका समस्याहरुको समाधान गर्न आवश्यकता देखिएको बैठकले ठहर गरेको छ।

सोको समाधानका लागि सबै राजनीतिक दल मिलेर काम गर्ने सहमत रहेको नेपाली काँग्रेस सप्तरीका सचिव सनद कुमार मण्डलले जानकारी दिए।



नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहको अध्यक्षतामा आयोजित बैठकमा एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरी, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य अशोक कुमार मण्डल "अमर", जनता समाजवादी पार्टी (जसपा) नेपालका जिल्ला अध्यक्ष केदार यादव, नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरी, जनमत पार्टीका जिल्ला अध्यक्ष रामगमन साह, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला अध्यक्ष अरुण कुमार देव, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष उम्देश्वर साह र लोसपा नेपालका जिल्ला अध्यक्ष सुनिल कुमार झा सहभागी थिए।

बैठकमा सहभागी भएका राजनीतिक दलहरुले गजेन्द्र नारायण सिह अस्पतालमा दरबन्दी अनुसारको जनशक्ति नहुँदा स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको, बसपार्क निर्माण र संचालनमा ढिलाइ हुँदा सडक किनारबाटै यातायात संचालनका कारण दुर्घटनाको जोखिम बढेको, पार्किंग र ट्राफिक व्यवस्थापन अस्तब्यस्त बनेको, राजविराज नगरपालिका क्षेत्रको ४ हजार ६ सय बिटौरी जग्गा बाहक परिवार समस्यामा परेको, विभिन्न सरकारी कार्यालयमा ढिलासुस्ती र आर्थिक लेनदेनबाट सेवाग्राही पिडीत बनेको लगायतका समस्या उठान गर्दै समाधानका लागी सम्बन्धित मन्त्रालय र कार्यालय प्रमुख संग संयुक्तरुपमा भेटी आवश्यक पहल गर्ने निर्णय गरेको छ।

त्यस्तै सो बैठकबाट संयुक्त प्रयासबाट प्राप्त हुने उपलब्धिबारे समीक्षा र भावी दिनमा जिल्लाको समग्र विकासका लागि एकजुट भइ अघि बढ्ने बताएका छन्।

# करार चिकित्सकले घेरे स्वास्थ्य मन्त्रालय




**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा करारमा कार्यरत रहेका चिकित्सकहरु लामो समयदेखि आन्दोलन गर्दै आएका छन्।

तीन महिनादेखि तलब नपाएको भन्दै मधेश प्रदेशमा करारमा चिकित्सकले स्वास्थ्य मन्त्रालय परिसरमा नाराबाजी गरेका छन्। संघीय सरकारले रकम पठाइसके पनि प्रदेश सरकारले निकासा नदिँदा तीन महिनादेखि तलब नपाएको उनीहरूले गुनासो गर्दै आएका छन्।

'नो पे- नो ड्युटी, कम्पलिट पेन डाउन' लेखेका प्लेकार्ड बोकेर प्रदेशको स्वास्थ्य मन्त्रालय परिसरमा पुगेका चिकिसकहरूले मधेश प्रदेश सरकार हरायो भन्दै नाराबाजी गरेका थिए। प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयको लापरबाहीका कारण मधेश प्रदेशमा कार्यरत करिब एक सय छात्रवृत्ति करारमा कार्यरत चिकित्सकले तीन महिनादेखि तलव नपाउँदा उनीहरुले सो मन्त्रालय घेराउ गरेका छन्।

आन्दोलनरत चिकित्सक डा. पुरुषोत्तम यादवले छात्रवृत्ति करारमा नियुक्त विशेषज्ञ चिकित्सक, मेडिकल तथा नर्सिङ अधिकृतले तलब नपाउँदा चाडपर्वका बेला न्याम्रो लागेको बताए। उनले भने, 'तीन महिनाको तलब बाँकी राखेको यो पहिलो होइन,' डा. यादवले भने, 'मधेसको स्वास्थ्य मन्त्रालयले यसलाई ट्रेन्ड नै बनाएको छ। हरेक पटक आन्दोलन गर्दा मात्र तलब खातामा आउँछ।'

तलब नपाएका चिकित्सकहरूले अब हरेक महिनाको मसान्तभित्र तलब पठाउने लिखित प्रतिबद्धता नदिएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन्। स्वास्थ्य मन्त्रालयमा नाराबाजी गरेपछि उनीहरूलाई मन्त्रालयले भने वार्तामा बोलाएको छ। अहिले आन्दोलनरत चिकित्सक र मन्त्रालयबीच वार्ता भए पनि निष्कर्षमा नपुगेको डा. यादवले बताए।

# शिक्षकले तलब नपाउँदा विद्यार्थी आन्दोलित

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सामा सरकारी विद्यालयका शिक्षकहरु तलब नपाएपछि विद्यार्थीहरु आन्दोलनमा उत्रिएका छन्।

जिल्लाको धोबिनी गाउँपालिकामा शिक्षकहरु तलब पाउनका लागि विद्यार्थीहरुलाई अगाडि सारेर प्रदर्शन गराएको आरोप लगाएको छ।



धोबिनी गाउँपालिकामा मंगलबार अजिजमियाँ माध्यामिक विद्यालयका विद्यार्थीहरुले गाउँपालिकाको कार्यालयमा नाराबाजीका साथै प्रदर्शन पनि गरेका छन्।

शिक्षकहरुले विद्यार्थीहरुलाई उक्साएर नाराबाजी गर्न लगाएको गाउँपालिकाका अध्यक्ष मदन चौहानले आरोप लगाए।

उनले भने, 'म आज बाहिर छु, तर दिउँसोतिर कार्यालयमा नाराबाजी भएको थियो। त्यो सब केही शिक्षकहरुले राजनीतिक गर्न खोजिरहेका छन्, किनकी वाल विकास र कार्यालय सहयोगीहरुलाई संघीय सरकारको तलबमा हामी थपेर दिने गर्छौं। तर यहाँ जानीजानी शिक्षकहरुले विद्यार्थीहरुलाई अगाडि सारेर राजनीतिक गर्न खोजिरहेका छन्।'

सो विद्यालयमा कार्यरत शिक्षक, लेखापाल र कार्यालय सहयोगीहरुले तलब पाएका छैनन्। धोविनी गाउँपालिकाको सो विद्यालयमा कार्यरत पाँचजना शिक्षकहरु तलब अनुदानबाट प्राप्त हुने गरेको गाउँपालिकाले जनाएको छ।

सो गाउँपालिकाले संघीय सरकारले अनुदानमा पठाउने शिक्षकको तलव नपठाएपछि शिक्षकहरुको तलबमा ढिलाइ भएको गाउँपालिकाको कार्यालयले जनाएको छ। चार महिनादेखि शिक्षक, कर्मचारीहरुले तलब पाएका छैनन्।

# जसपा नेपालका नेता अशोक राई नेतृत्वको जसपामा प्रवेश

**टुडे समाचारदाता**

वीरगञ्ज। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) पर्सा विन्दवासिनी गाउँपालिकाका समितिका अध्यक्ष रमेश साह मंगलबार एक कार्यक्रम बीच उनी जसपामा प्रवेश गरेको जसपाका उपमहासचिव एवं खानेपानी मन्त्री प्रदीप यादवले जानकारी दिए।

जसपा नेपाल पर्सा जिल्ला सदस्य समेत रहेका अध्यक्ष



तेली अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) मा प्रवेश गरेका छन्। वीरगञ्जमा साहले लिएको सही निर्णयको जसपाले सम्मान गरेको मन्त्री यादवले बताए।

# बसको ठक्करबाट बालिकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा छुट्टाछुट्टै भएको दुर्घटनामा परी बालिकासहित दुई जनाको मृत्यु भएको छ।

जिल्लाको धनौजी गाउँपालिका- ३ स्थित गोर्दाहामा मंगलबार ना ३ ख ९०६५ नम्बरको जनज्योति इंग्लिस वोर्डिंग स्कुलको बसले ठक्कर दिँदा ११ वर्षीया आरोही मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव बरुण बहादुर सिंहले जानकारी दिए।



मृतक बालिका सोही गाउँपालिकाको रामजानकी इंग्लिस बोर्डिंग स्कुलकी छात्रा रहेकी धनुषा प्रहरीले जनाएको छ। बसको ठक्करले गम्भीर घाइते भएकी बालिका मण्डललाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको उनले बताए।

बालिकाको मृत्यु भएपछि आक्रोशित स्थानीयहरुले ठक्कर दिने सो विद्यालयको बसमा आगजनी गरेको थियो।

# भन्सार छलीका सामग्री बरामद

**टुडे समाचारदाता**

रौतहट। भन्सार छलेर नेपाल भित्र्याइएका लाखौं रुपैयाँ मूल्य बराबरको कपडालत्तासहितका सामग्रीहरु बरामद गरी आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको रौतहट प्रहरीले जनाएको छ।

जिल्लाका विभिन्न स्थानहरु तथा गौर नगरपालिका- २ स्थित महादेवपट्टीबाट मंगलबार छापा मारेर अवैध रुपमा तस्करीको माध्यमबाट भित्र्याइएका सटिंगसुटिंगका कपडाहरु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

बरामद गरिएका सो सामग्रीहरुको बजार मूल्य ७ लाख ८९ हजार रुपैयाँ मूल्य बराबरको रहेको हुँदा आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा दाखिला गराइएको रौतहट प्रहरीका एसपी दिलिप घिमिरले जानकारी दिए।

चा ँ ड प व ि का ि मौका छोपेर तस्कर समूहले अबैध गतिविधिलाई रातिको समयमा तीव्र बनाएको हुँदा सो कार्यलाई निस्तेज पार्न रातिको समयमा गस्ती बढाएको बताए।

# नागरिक सुनुवाई कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

बारा। जिल्ला प्रहरी कार्यालय बाराले नागरिक सुनुवाई



कार्यक्रम सम्पन्न गरेको छ।

ि ज ल ला ि क ा ि कोल्हवी नगरपालिकामा आयोजना गरिएको सो कार्यक्रममा बाराका प्रहरी नायब उपरीक्षक महेन्द्र खड्काको सभापतित्वमा भएको थियो। सो कार्यक्रममा कोल्हवी नगरपालिकाका मेयर रामप्रसाद चौधरी प्रमुख अतिथि थिए। सो कार्यक्रममा विशिष्ट अतिथिका रुपमा उपमेयर लक्ष्मी कुमारी चौधरी, पूर्व मेयर भरत बहादुर भण्डारी र कोल्हवी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पितानाथ लुईटेललगायतका रहेका थिए।

सो कार्यक्रममा कोल्हवीको समग्र सुरक्षा चुनौती र यसका लागि समुदायमा प्रहरीले तदारुकतासाथ प्रभावकारी रुपमा कामकारबाही गर्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन्।

# गाँजासहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको लालबन्दीबाट लागूऔषध गाँजासहित दुई जना भारतीयलाई प्रहरीले नियन्त्रणमा लिएको छ। भारत सीतामढी जिल्ला बेलाथानाबथौरा पञ्चायत मुजौली घर भएका २० वर्षीय शंकर राम तथा सोही ठाउँका ३३ वर्षीय अशोक साहलाई सर्लाही प्रहरीले गाँजासहित नियन्त्रणमा लिएको छ।



जिल्लाको लालबन्दी नगरपालिका-५ स्थित मेजरगंजमा शंकर सवार बीआर ३० टी ४०२५ भारतीय नम्बर प्लेटको मोटरसाइकल चेकका क्रममा सिटमुनि लुकाइराखेको अवस्थामा ५ किलो ३४० ग्राम गाँजा बरामद गरिएको थियो।

प्रहरीले शंकरसंग सोधपुछ गर्दा लालबन्दीको एक होटेलबाट अशोकलाई पनि नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक सुजन पाठकले जनाए। दुवै जना भारतीय गाँजाको पेशेवर कारोबारी रहेको प्रहरीको भनाइ छ।

# पोलियो दिवसमा पहिलोपटक मिनी म्याराथन हुने

**टुडे समाचारदाता**

बर्दिवास। विश्व पोलियो दिवसको अवसरमा महोत्तरीको बर्दिवासमा पहिलो पटक हाफ म्याराथनको आयोजना हुने भएको छ।

बर्दिवासमा मंगलबार आयोजित पत्रकार सम्मेलनबाट बर्दिबास रोटरी क्लब र रोट्र्याक क्लबले कार्तिक ८ गते ९ किलोमिटर हाफ म्याराथन प्रतियोगिता आयोजना गरिने भएको छ।




कार्तिक ८ गते विहान ७ बजेवाट सुरु हुने सो प्रतियोगिता भोला बसन्त चोक, वुद्ध चोक, जनता क्याम्पस, हमाल टोल, एभरेष्ट रोड स्कुल, विनायक व्याक्युट, वडा नं. १ को कार्यालय, बरगाछी टोल हुँदै भोला बसन्त चोकमा नै पुगेर ९ किलोमिटरसम्मको दौड प्रतियोगिता हुने छ।

सो प्रतियोगितामा प्रथम हुने प्रतियोगीलाई १० हजार, दोश्रो हुनेलाई ७ हजार, तेश्रो हुनेलाई ५ हजार र चौथो हुनेलाई प्रमाणपत्र प्रदान गरिने आयोजक पक्षले जनाएको छ।

प्रथम, दोश्रो र तेश्रो हुने प्रतियोगीले गौतम, विनायक र गुन्जमा डिनर कुपन समेत प्राप्त गर्ने रोटरी कलव बर्दिवासका अध्यक्ष बिष्णु पुरीले बताए।

प्रतियोगीहरुका लागि कुनै निश्यत भूगोल निर्धारण नगरिएको र जुनसुकै पालिकाका महानुभावहरु प्रतियोगितामा सहभागी हुनसक्ने कार्यक्रमकी संयोजक सुमित्रा भट्टराईको भनाइ छ। ९ किलोमिटरको सो दुरीमा एउटा एम्बुलेन्स प्रतियोगीहरुसँगै रहने संयोजक भट्टराईले बताइन्।

**जुवातासले गर्छ सर्वनाश**

जुवातासको लतले,

- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरु समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८